का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ असोज २०८२
शनिबार
27 September 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रू. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २३७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# विद्यालय जाँदैनन् मुसहर र डोम बालबालिका

## भर्ना भएकाहरूलाई विद्यालयमा टिकाउनै गाह्रो

रौतहटमा करिब ६० टोलमा महिला, पुरुष तथा बालबालिकाको संख्या १५ हजार ७ सय ९६ भन्दा बढी छ । तीमध्ये जम्मा ६ सय ३५ जना मात्र साक्षर छन् । अर्थात् कुल जनसंख्याको करिब ४ प्रतिशत मात्रै छ ।

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
काठमाडौं, १० साउन

रौतहटका अधिकांश ठाउँमा बस्तीछेउमै विद्यालय छन् तर अधिकांश बालबालिका विद्यालय जाँदैनन् । गरिबीर चेतनाको अभावमा ती बालबालिका विद्यालयबाहिर रहेका हुन् ।

विद्यालय प्रांगणमै बस्ती छ तर रौतहटको राजदेवी पथरा टोलका डोम बालिका विद्यालय जाँदैनन् । राजदेवी नगरपालिका-१ मा रहेको करिब १५ घर परिवारमा ५७ बालबालिकामध्ये अधिकांश विद्यालय जाँदैनन् । छोराहरू कहिलेकाहीँ विद्यालय गए पनि बालिकाहरूले भने विद्यालयमा पाइला टेकेका छैनन् । गरिबी र अभावमा रहेका कारण ती बस्तीका बालिकाहरूले पढ्न पाएका छैनन् ।

त्यस्तै, गौर नगरपालिका-४ गढवामा रहेको एक डोम बस्तीको कथा पनि उस्तै छ । सय मिटरको दूरीमा प्राथमिक विद्यालय भए पनि बस्तीभित्रका करिब सय बालबालिकामध्ये कोही पनि विद्यालय जाँदैनन् । उनीहरू बिहानैदेखि सुँगुर डुलाउनेलगायत घरायसी काममा लागेका हुन्छन् ।

रौतहट जिल्लामा रहेका अधिकांश डोम बस्तीको अवस्था यस्तै छ । रौतहटमा करिब २ सय ४० परिवारमा गरी करिब पृष्ठ २ मा



अन्तरकलहमा दलहरू

# प्रचण्ड–बाबुरामले छाडे ओली–देउवा मौन

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० असोज

पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी केन्द्रीय कमिटी विघटन गरेसँगै आफू अध्यक्ष नरहेको घोषणा गरे । पार्टीको केन्द्रीय कमिटी बैठकको निर्णयअनुसार शुक्रबारबाटै मौजुदा केन्द्रीय कमिटी भंग गरेर मंसिरमा विशेष महाधिवेशन गर्ने तयारी भएको हो ।

पार्टी अध्यक्ष दाहाल महाधिवेशन आयोजक समितिको संयोजक बनेका छन् । दाहालले अध्यक्ष छाडेर कार्यवाहकको जिम्मेवारी दिई पार्टी महाधिवेशनमा जानुपर्ने वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपमहाचिव जनार्दन शर्मा, सचिव कार्की, नेता सुदन किराँतीसहित नेताहरूको दाबाबका बाबजुत दाहालकै संयोजकत्वमा विशेष महाधिवेशन गर्नेगरी माओवादी तयार भएको हो ।

यसअघि बुधबार नै पूर्वप्रधानमन्त्री एवं नेकपा समाजवादी (नयाँशक्ति) पार्टीका अध्यक्ष बाबुराम भट्टराईले नेतृत्व छाडेर उपाध्यक्ष दुर्गा सोबलाई संयोजक बनाएर पार्टीलाई विशेष महाधिवेशनमा लगेका छन् । जेनजी आन्दोलनका पक्षमा वकालत गर्दै आएका भट्टराई अन्तरिम सरकार गठन हुँदा शीतल निवास पुग्ने एक्ला पूर्वप्रधानमन्त्री हुन् । आन्दोलनको सन्देश बुझेर भट्टराईले अध्यक्षबाट राजीनामा दिएको नेताहरूको भनाइ छ ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण पुराना दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीका शीर्ष नेतामाथि नेतृत्व छाड्न दबाब बढेको छ । तर सबैभन्दा पुराना र आफ्लाई लोकतान्त्रिक दल भन्न रुचाउने कांग्रेस-एमालेभित्र अहिलेसम्म कुनै निर्णय हुन सकेको छैन । माओवादी अध्यक्ष प्रचण्ड पनि पार्टीको नेतृत्व छाड्ने पक्षमा छैनन् । आगामी मंसिरमा हुने विशेष महाधिवेशनमा आफ्नो पक्षमा बहुमत जुटाउने र फेरि नेतृत्वमा पदस्थापन हुनेगरी आफूनिकटका दोस्रो/तेस्रो तहका नेतासँगको संवाद तीव्र बनाउने तयारीमा छन् ।

शुक्रबार उनले केन्द्रीय समिति भंग गर्दै पार्टीमा जेनजी र युवा पुस्ताबाट कम्तीमा ५० प्रतिशत व्यक्तिहरू केन्द्रीय समितिमा अटाउने योजना अघि सारेका छन् । उनको यो अभिव्यक्तिले पार्टीका बहुसंख्यक युवा प्रचण्डकै पृष्ठ २ मा



"नियमित महाधिवेशन गर्ने जग बनिसकेको छैन, विशेष महाधिवेशन गर्दा पार्टीमा थप संकट आउँछ । भापति शेरबहादुर देउवाकै नेतृत्वमा छलफल गरेर पार्टी र देशलाई निकास दिनेगरी सुझबुझपूर्ण निर्णय लिनुपर्छ ।"

**पूर्णबहादुर खड्का**
उपसभापति
नेपाली कांग्रेस



"जेनजीको आन्दोलनले बढार्दासमेत अझै पार्टी कब्जा गर्नेगरी अघि बढ्ने हो भने ओली, देउवा र प्रचण्डका लागि मात्रै नभई सिंगो देश, जनता र पार्टीको हितकर हुँदैन, पार्टीको हैसियत रहँदैन ।"

**पुरञ्जन आचार्य**
राजनीतिक विश्लेषक

# भिआइपीका सुविधा कटौती

खर्च मितव्ययिता अपनाउने नीतिअन्तर्गत पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई कानुनविपरीत दिइएको सुविधा कटौती गरिएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० असोज

सरकारले भिआइपीका सुविधा कटौती गरिदिएको छ । भिआइपीअन्तर्गत रहेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई कानुनविपरीत दिइएको सुविधा कटौती गरिएको हो ।

अर्थ मन्त्रालयले शुक्रबार गृह मन्त्रालय तथा रक्षा मन्त्रालयलाई पत्र नै लेखेर कानुनबमोजिमबाहेक दिइएका सवारीसाधन, जिन्सी सामान, सहयोगी, सुरक्षाकर्मी फिर्ता गर्न र अन्य सेवासुविधा स्थगन गर्न निर्देश गरेको छ । गत असोज ५ गते मन्त्रिपरिषद्को बैठकले अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्नेगरी निर्णय गरेको थियो ।

अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार मन्त्रिपरिषद्को बैठकले अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्नेगरी दिएको निर्णयअनुसार भिआइपीका सुविधा कटौती गरिएको बताउँछन् ।

अर्थ मन्त्रालयको निर्णयअनुसार सेवा निवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई प्रचलित कानुनमा उल्लेख भएका र स्वीकृत मापदण्डबमोजिमका सेवासुविधा मात्र प्रदान गर्न/गराउन मन्त्रालयले भनेको छ ।

कानुनबमोजिमबाहेक उपलब्ध गराइएका भए त्यस्ता सवारीसाधन, जिन्सी सामान, सहयोगी, सुरक्षाकर्मी फिर्ता गर्ने र अन्य सेवासुविधा स्थगन गर्ने कार्य शीघ्र कार्यान्वयन गर्न/गराउन अर्थ मन्त्रालयले गृह मन्त्रालय तथा रक्षा मन्त्रालयलाई पत्रमार्फत निर्देशन नै दिएको छ ।

रामेश्वर खनालले अर्थ मन्त्रालय सम्हालेपछि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले यीलगायतका विभिन्न निर्णय गर्दै सुशासनको पक्षमा काम गर्न खोजेका छन् । सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, निर्वाचन खर्च व्यवस्थापन र आर्थिक पुनरुत्थान तथा राहत कार्य आदिका निम्ति विकास आयोजनाको पुन:प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्न अग्रसर रहेको अधिकारीहरूको भनाइ छ ।

तर विगतमा पनि त्यस्ता निर्णय हुने गरेका भए पनि तिनको कार्यान्वयन फितलो हुने गरेको भनेर प्रश्न उठिरहेको छ । पृष्ठ २ मा




Ever Permeating and Pervading to New Scale of Height of Prosperity

स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्ष प्रवेश गरेको यस विशेष अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्ने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस विशेष अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254,01-4523432/3 & 01- 4523436, info@pcbl.com.np

वैदेशिक रोजगार विशेष

# मलेसियामा २४ जना नेपाली पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असोज

मलेसियामा २४ जना नेपाली पक्राउ परेका छन् । मलेसियाको पोर्ट क्लाङको तमान पेरिन्डस्ट्रियन पुलाउ इन्डाहमा रहेको आवासीय परिसरमा एकीकृत अपरेसनका क्रममा कुल ६ सय ६२ विदेशी नागरिक पक्राउ पर्दा २४ नेपाली पनि परेका हुन् ।

सेलाङगोर अध्यागमन विभागका निर्देशक खैरुल अमिनुस कमरुद्दीनले बंगलादेशका ५ सय ४५ जना, म्यानमारका ३६, पाकिस्तानका ३५, नेपालका २४, भारतका १० र इन्डोनेसियाका नौ जना पक्राउ परेको बताए । मलेसिया प्रहरीले पक्राउ परेकामा ओभरस्टे र वैध कागजात नभएका १६ देखि ८० वर्ष उमेर समूहका रहेको बताएको छ ।

अध्यागमन प्रमुख खैरुल अमिनुसले अध्यागमन कानुन उल्लंघन गर्ने विदेशीहरूलाई पहिचान र देश निकाला अभियान सुरु गरिएको बताए । उनले देश निकाल्ने अभियान जारी राख्ने जानकारी दिए । पक्राउ परेकालाई व्यक्ति बेचबिखन र आप्रवासी तस्करी विरोधी ऐनअन्तर्गत कारबाही गर्ने मलेसिया प्रहरीले बताएको छ ।

## नेपाली कामदारको अधिकार संरक्षण गर्न एनआरएनएको माग

**काठमाडौं/रासस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसँग गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ ।

मन्त्रालयमा शुक्रबार भएको भेटमा एनआरएनका तर्फबाट अध्यक्ष डा. केसीले संविधान संशोधनमार्फत गैरआवासीय नेपालीलाई पूर्ण अधिकारसहितको नागरिकता, मताधिकारको सुनिश्चितता, लगानी सुरक्षाको प्रत्याभूति, शिक्षा, स्वास्थ्य, प्रविधि, पर्यटनलगायत क्षेत्रमा सीप र ज्ञान हस्तान्तरणका लागि नीतिगत व्यवस्था गर्न आग्रह गरे ।

त्यसैगरी वैदेशिक रोजगारमा जाने श्रमिकहरूको सामाजिक सुरक्षा र उनीहरूको सीप तथा पुँजीलाई स्वदेशमै उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सहजीकरण गर्नुपर्ने एनआरएनएको माग थियो ।

एनआरएनएले जेनजी प्रदर्शनपश्चात गठित अन्तरिम सरकार सफल हुनेमा गैरआवासीय नेपालीहरू पृष्ठ २ मा

# चाडपर्व सुरक्षा र निर्वाचनको पूर्वतयारीमा जुट्न निर्देशन

**काठमाडौं/मस**–सशस्त्र प्रहरी बल नेपालले चाडपर्व सुरक्षा र निर्वाचनको पूर्वतयारीमा जुट्न मातहतका निकायलाई निर्देशन दिएको छ ।

नेपालीहरूको महान चाड बडादशैं, शुभदिपावली, नेपाल सम्वत् ११४६ तथा छठ पर्वको उपलक्ष्यमा शुक्रबार सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालय हलचोकबाट मातहतका सबै इकाईलाई सम्बोधन गर्दै उक्त निर्देशन दिएका हुन् ।



उनले सशस्त्र प्रहरी बल, नेपालको गौरवमय परम्परालाई जीवन्त राख्दै, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, तराईको उष्णतादेखि हिमालको कठोर चिसोसम्म र अन्तर्राष्ट्रिय शान्ति मिसनहरूमा अहोरात्र देश र जनताको शान्ति, सुरक्षा र उद्धारमा समर्पित सशस्त्र प्रहरी कर्मचारीहरूलाई नागरिकको सेवा र अपराध नियन्त्रणमा कार्यक्षेत्रमा प्रभावकारी रूपमा खटिन अनुरोध गरे ।

महानिरीक्षक अर्यालले आगामी फाल्गुन २१ गते तोकिएको आम निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन प्रारम्भिक पूर्वतयारी सुरु गर्न पनि मातहतका निकायलाई निर्देशन दिए । उनले नजिकिँदै गरेका चाडपर्व नागरिकले निर्धक्कसाथ मनाउनका लागि सुरक्षा व्यवस्थाको सुनिश्चित गर्न चाडपर्व लक्षित सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा सीमा नाकाहरूबाट चाडपर्व मनाउन स्वदेश फर्किने नागरिकको सम्मानजनक तथा सुरक्षित आवागमनको लागि आवश्यक स्थानहरूमा सहायता-डेस्कहरूको स्थापना गरी समकक्षी सुरक्षा निकाय तथा सरोकारवालाहरूसँगको समन्वयमा प्रभावकारी परिचालन र नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन पनि आग्रह गरे ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले चाडपर्वको समयमा सडक दुर्घटना, बाढी, पहिरो, आगलागीजस्ता विपद्हरूको जोखिमलाई ध्यानमा राखी उद्धार टोलीलाई पूर्ण तयारी हालतमा राख्न निर्देशन दिनुहुँदै विपद् व्यवस्थापनमा प्रभावकारिता बढाउन प्रारम्भिक चेतावनी प्रणालीको विकास र उपयोग, स्थानीय प्रशासन र समकक्षी निकायहरूसँग समन्वय गरी विपद् प्रतिकार्य योजना अद्यावधिक गर्न समेत निर्देशन दिए ।

उनले भन्सार नाकाहरूबाट हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्न सके राष्ट्रिय अर्थतन्त्रमा थप योगदान गर्न सकिने भएकाले चाडपर्वको मौका छोपेर सीमा क्षेत्रबाट चोरी तस्करी बढ्न सक्नेतर्फ पनि सचेत हुन आग्रह गरेका छन् ।

# मानवअधिकार आयोगद्वारा अनुगमन प्रतिवेदन सार्वजनिक

**काठमाडौं/मस**–राष्ट्रिय मानवअधिकार आयोगले गत भदौ २३ र २४ गतेको जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएको घटनाको अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छ । उक्त प्रदर्शनको आयोगको अनुगमन टोलीले गत भदौ २३ गते बिहान करिब १०:३५ मा प्रदर्शनस्थल माइतीघरमण्डलामा पुगी अनुगमन सुरु गरी हालसम्म निरन्तर रूपमा अनुगमन गरिरहेको र हालसम्मको अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको जनाएको छ ।




आयोगले अनुगमनका क्रममा टोलीले प्रदर्शनकारीतर्फ र सुरक्षाकर्मीतर्फका घाइते तथा मृतकको अवस्थाका सम्बन्धमा जानकारी लिएको र विभिन्न अस्पतालमा घाइतेहरूको उपचार नेपाल सरकारबाट निःशुल्क भएको भन्ने जानकारी पाएको जनाएको छ। उपचारपश्चात केही घाइतेहरू घर फर्किएका र केही घाइते हालसम्म पनि उपचारमा रहेको भन्ने जानकारी पाइयो । आयोगले जिल्ला प्रहरी परिसर काठमाडौंबाट प्राप्त गरेको विवरणअनुसार सर्वसाधारणतर्फका नौ सय ३८ जना घाइते भएका र ४५ जनाको मृत्यु भएको पाइएको छ ।

सुरक्षाकर्मीतर्फ तीन जनाको मृत्यु भएको, एक हजार ३७९ जना घाइते भएको, एक सय ३७ जना अस्पताल भर्ना भएकामा हाल नौ जना उपचाररत रहेको भन्ने पाइएको छ । मृतक सुरक्षाकर्मीका परिवारका सदस्यलाई राहत उपलब्ध गराउन आवश्यक सहयोग गर्ने प्रक्रिया सुरु भएको उल्लेख छ।

आयोगले भौतिक क्षतिको अवस्थालाई हेर्दा सिंहदरबार परिसरका सरकारी भवन, सर्वोच्च अदालत, विशेष अदालत, काठमाडौं जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, अन्य सरकारी भवन, राजनीतिक दलका नेताहरूको निवास, व्यावसायिक भवन तथा निजी आवास, सञ्चारगृह र प्रहरी कार्यलयमा अत्यधिक क्षति भएको, कागजपत्र तथा अभिलेख, जिन्सी सामान र सवारीसाधन जलेको पाइएको उल्लेख छ ।

सेवा सञ्चालनको अवस्थालाई हेर्दा घटनापश्चात हाल सबै निकायहरूले सेवा सञ्चालन गरेको र कतिपय निकायले पाल टाँगेर तथा अन्य उपलब्ध स्थानमा उपस्थित भई कार्यालयको सेवा सञ्चालन गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले हाल सेवा सञ्चालन गर्दा जलेर नष्ट भएका भौतिक संरचना तथा अभिलेख र फाइलहरूको अभावका साथै सेवा प्रवाह गर्ने कर्मचारीको मनोबलमा आएको कमीका कारणले नागरिकले पूर्ववत सेवा प्राप्त गर्न समस्या देखिएको जनाएको छ । प्रतिवेदनमा सरकारी निकायका केही कर्मचारीहरूमाथि भएको कुटपिटका कारण सेवा प्रदान गर्न मनोबल कमजोर हुनुका साथै असुरक्षित महसुस गरेको पाएको उल्लेख छ ।

आयोगले सुरक्षाकर्मीको भवनलगायत सवारीसाधनमा क्षति भएका र सुरक्षाकर्मी तथा कर्मचारीको मनोबल खस्केको कारणले गर्दा सुरक्षा निकायबाट तत्काल स्वःस्फूर्त रूपमा समस्या सम्बोधन हुन नसकेको कारणले गर्दा शान्ति सुरक्षा जोखिममा रहेको पाइएको छ । सुरक्षा कर्मचारीहरूको मनोबल खस्केको र लुटिएका हातहतियारसमेत फिर्ता नआएको र कारागार तथा हिरासतबाट बाहिर निस्केका सबै कैदीबन्दी फिर्तासमेत नआइसकेको अवस्थामा समाजले असुरक्षा महसुस गरिरहेको पाइएको उल्लेख छ ।

प्रतिवेदनमा समुदायस्तरबाट समेत केही क्षतिग्रस्त प्रहरी कार्यालयहरूको निर्माण/मर्मतको कार्यमा योगदान भइ पुनःस्थापना भई सेवा सञ्चालन हुँदा शान्ति सुरक्षामा सकारात्मक सुधार हुँदै गएको पाइएको उल्लेख छ ।

प्रतिवेदनमा कारागार व्यवस्थापन विभागले प्रदर्शनका क्रममा कारगारबाट निस्केका कैदीबन्दीलाई फिर्ता ल्याउन, जलेका अभिलेखहरूको व्यवस्थापन तथा कैदीबन्दीबीचको अन्तरघुलन र सुरक्षा व्यवस्था अनुकूल बनाउँदै गएको भन्ने भनाइ रहेको उल्लेख छ । आयोगले ७५ वटा कारागारमा रहेका २९ हजार कुल कैदीबन्दी रहेकामा २७ वटा कारागारबाट १४ हजार ४५५ जना कैदीबन्दी भागेकामा अनुगमनका क्रममा करिब सात हजार ५०० फिर्ता भएका र अन्य सम्पर्कविहीन भएका भन्ने जानकारी पाइएको प्रतिवेदनमा छ । प्रतिवेदनमा सिन्धुली तीन, धादिङ दुई र बाँकेमा पाँच गरी १० जना कैदीबन्दीको मृत्यु भएकोसमेत उल्लेख छ ।

आयोगको प्रतिवेदनमा प्रदर्शनका क्रममा बालबालिको मृत्यु तथा घाइते हुनु शैक्षिक संस्थाहरू क्षतिग्रस्त हुनु र अभिभावक तथा बालबालिका तथा शिक्षकहरू भयभित भई नियमित रूपमा शैक्षिक संस्थाहरू सञ्चालन नभएको पाइएको उल्लेख छ ।

केही शैक्षिक संस्थाहरूले अनलाइनमार्फत पठनपाठन सञ्चालन गरेता पनि सबै विद्यार्थीहरू सहज रूपमा पहुँच नभएको पाइएको र अभिभावक तथा विद्यार्थीहरूमा भयभित वातावरण रहेकाले नियमित पठनपाठनमा समस्या रहेको उल्लेख छ । साथै, बाल मनोविज्ञानमा समेत असर परेको प्रतिवेदनमा भनिएको छ ।

# नेपाल बैंकमा सुकिला नोट पाउन गाह्रो

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १० असोज

दसैं-तिहार नजिकिँदै गर्दा नेपाल बैंकले भदौ २९ गतेदेखि असोज १० गतेसम्म सुकिला नोट वितरण थालिएको थियो । तर, रुकुमपूर्व शाखामा वितरण प्रक्रिया सुरु भएदेखि नै सेवाग्राहीले भने सुकिला नोट पाउन सकेका छैनन् ।

बैंकमा पुगेका सेवाग्राहीहरूका अनुसार यहाँको शाखाले दश हजार रुपैयाँभन्दा कम रकम लिन चाहनेलाई सुकिला नोट नदिने गरेको छ । 'हामीजस्ता सामान्य नागरिकलाई दश हजारभन्दा कममा नोट पाइँदैन भन्दै फर्काइन्छ तर, त्यही बेला चिनेको मान्छेलाई भने सहजै धेरै नोट दिइन्छ', एक सेवाग्राहीले नाम नखुलाउने सर्तमा गुनासो गरे ।

सामान्य सेवाग्राहीलाई मात्र नभई बैंकका कर्मचारी आफन्त र नजिकका चिनेजानेकालाई भने बैंकले सहजै सुकिला नोट वितरण गरिरहेको छ । 'बैंकमा सुकिला नोट लिनको लागि सर्वसाधारण घण्टौं बस्नुपर्छ तर, कर्मचारीका मान्छे आएपछि भने सिधै उनीहरूको हातमा नोट पुऱ्याइन्छ', अर्का एक नागरिकले बताए ।

सेवाग्राहीहरूले सुकिला नोट माग्दा बैंकका केही कर्मचारीले अपमानजनक व्यवहार गरेकोसमेत गुनासो गरेका छन् । कतिपय नागरिकले नोट लिन आएको मान्छेप्रति कर्मचारीहरूकै बोलीले निरास भएर फर्कनु परेको बताए । यस विषयमा शाखा व्यवस्थापनसँग बुझ्दा शाखा प्रबन्धक सशीराम केसीले तत्काल समस्याको समाधान गर्ने बताए ।

## विद्यालय...

१४ सय डोम बसोबास गर्छन् । तर शिक्षाको स्तर ५ प्रतिशतभन्दा पनि कम छ । डोम जातिको उत्थानमा कार्यरत सामाजिक कार्यकर्ता विजय मली सरकारले घोषणा गरेको निःशुल्क शिक्षासम्बन्धी नीतिले प्रभाव पार्न नसकेको बताउँदै विशेष पहल आवश्यक रहेको जोड दिन्छन्

चन्द्रपुर नगरपालिका-८ माझी टोलकी श्रीपती माझी आफ्नो टोलका अधिकांश बालबालिका विद्यालय बाहिर रहेको बताउँछिन् । टोलका केही बालबालिका विद्यालयमा भर्ना भए पनि बीचमै पढाइ छोड्ने गरेको उनी बताउँछिन् । सामाजिक कार्यकर्ता रमिता राम अन्य बालबालिकासरह विद्यालयमा टिकाई राख्न विशेष पहल आवश्यक रहेको बताउँछिन् ।

रौतहट जिल्लाकै परोहा नगरपालिका-८ मा ६० घर मुसहर बस्ती छ । तर सो टोलका कुनै पनि बालिका विद्यालय गएका छैनन् । विद्यालय पढ्ने उमेर समूहका अधिकांश बालिकाको विवाह हुने तथा तिनीहरू घरमा कुरुवा भई बस्नुपरेकाले तिनीहरू विद्यालय जान नपाएका हुन् । बस्तीको छेउमै आधारभूत विद्यालय छ तर सो टोलमा विद्यालय उमेरका करिब २ सय बालबालिमध्ये चार जना बालक मात्र विद्यालय जान्छन् ।

स्थानीय वीरेन्द्र माझीको छोरा २ कक्षामा पढ्छन् । गरिबी र अभावका कारण बस्तीका बालबालिका विद्यालय नगएको उनी बताउँछन् । सात घरका विद्यालय उमेर समूहका १३ बालबालिकामध्ये कोही पनि विद्यालय नजानु चिन्ताको विषय भएको उनी बताउँछन् । बस्तीमा अधिकांश १०/१२ वर्षका बालबालिका मदिरा सेवन गर्ने गरेको सामाजिक कार्यकर्ता सम्सिदा खातुनले बताइन् । त्यसैले सानो प्रयास मात्र मुसहर तथा डोम बालबालिकालाई विद्यालयमा ल्याउन नसकिने उनको भनाइ छ ।

इश्नाथ नगरपालिका-२ मा ३५ घर परिवारको मुसहर बस्ती रहेको छ । औरिया हिमालिवास जोड्ने मुख्य सडकखण्डछेउमै रहेको सो बस्तीका बालबालिका पनि विद्यालय बाहिर छन् । स्थानीय रमकलिया देवी मुसहरानी टोलका अधिकांस बालबालिका विद्यालय नपुगेको बताउँछिन् । उनी गरिबी, अभाव तथा विद्यालयमा हुने दुर्व्यवहारका कारण विद्यालयमा पढाउन नसकिएको बताउँछिन् । केहीको उमेर नपुग्दै विवाह हुने गरेको छ भने टोलका केही बालकहरू विद्यालयमा भर्ना भए पनि टिक्न सकेका छैनन् ।

सामाजिक कार्यकर्ता गुडु साह भन्छन्, 'अधिकांस मुसहर र डोम परिवार विपन्न छन् । दैनिक काम गरेर खाने परिवारका बालबालिका पढाउनु राज्यको जिम्मेवारी हो ।'

कतिपय बालबालिकाको पढ्ने रहर भए पनि विद्यालय जान सकेका छैनन् । अभिभावमा पनि 'पढेर के हुन्छ र ?' भन्ने धारणा छ ।

नेपाल राष्ट्रिय मुसहर संघका केन्द्रीय उपाध्यक्ष नथुनी माझी अधिकांस मुसहर बालबालिका विद्यालयबाहिर रहनुको मुख्य कारण गरिबी र बेरोजगारी रहेको बताउँछन् । 'सरकारले माध्यमिक शिक्षा निःशुल्क गरे पनि अभाव र भोकका कारण बालबालिका विद्यालय जान सकेका छैनन् । परिवारजन रोजगारीका लागि बाहिर जाने हुँदा बालबालिका पढ्न पाएका छैनन्,' उनले बताए ।

रौतहटमा करिब ६० टोलमा मुसहर समुदायको २ हजार ५६ घरधुरी छ । महिला, पुरुष तथा बालबालिकाको संख्या १५ हजार ७ सय ९६ भन्दा बढी छ । तीमध्ये जम्मा ६ सय ३५ जना मात्र साक्षर छन् । अर्थात् कुल जनसंख्याको करिब ४ प्रतिशत मात्रै छ । साथै उच्च शिक्षासम्म अध्ययन गर्नेको संख्या ४० जनाभन्दा कम छ ।

## प्रचण्ड-बाबुरामले...

पक्षमा लाग्ने र नेतृत्वका लागि फेरि दाहाललाई नै स्वीकार गर्ने अवस्था रहेको नेकपा माओवादी केन्द्रका युवा नेताहरूले दाबी गरेका छन् ।

जेनजीको आन्दोलन र त्यसबाट उत्पन्न पछिल्लो राजनीतिक घटनाक्रमले सबै दलमा पुनर्गठन अनिवार्य देखिए पनि विघटित संसदको पहिलो र दोस्रो दल कांग्रेस-एमालेका शीर्ष नेताहरूमा चेत नखुल्नु मुलुक, जनता र पार्टीहितविपरीत भएको राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले बताए । उनले भने, 'जेनजीको यत्रो आन्दोलनले बढार्न लाग्दा पनि फेरि उठेर आफैं आउँछु भन्नु ओली, देउवा र प्रचण्डका लागि मात्रै नभई सिंगो देश, जनता र पार्टीका लागि हितकर हुँदैन । उनीहरूले अझै पार्टी कब्जा गर्नेगरी अघि बढ्ने हो भने पार्टीको हैसियत नै रहँदैन । ती पार्टीका युवा नेता कार्यकर्ताहरूले पनि सजिलै नछाड्लान् ।'

माओवादीसँगै पुराना दल कांग्रेस, एमाले, नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीमा समेत पार्टी पुनर्गठनको भाउँतोमा फसेका छन् । पार्टी नेतृत्वमा पुगेकाहरूले आजीवन सत्ता र शक्तिको उपयोग गर्ने र नयाँ पुस्तालाई निषेध गर्दै आएका छन् । जेनजी आन्दोलनको बलमा अपदस्त भएको कांग्रेस समर्थित एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारप्रति जनताको विश्वास गुमाउँदासमेत नेताहरूले अझै पुस्तान्तरणको योजना नल्याउनुले दलहरूको बाँकी रहेको धुकधुकीसमेत निमिट्यान्न पार्न खोजेको आमटिप्पणी भइरहेको छ ।

माओवादीभित्रको अन्तर कलह सहतमा आए पनि विशेष महाधिवशनसम्मका लागि उक्त कलहमा ब्रेक लागेको छ । उता बाबुराम भट्टराईका हकमा भने फेरि नेतृत्वमा पुग्ने अवस्था नरहन सक्ने नेसपा नयाँ शक्तिका नेताहरू बताउँछन् । कम्तीमा दुई दशकदेखि मुलुकको शासन सत्तामा हालिमुहाली गर्दै आएका पुराना र केही वर्षअघि दर्ता भएका नयाँ राजनीतिक दलसमेत आन्तरिक कलहमा रुमल्लिएका छन् । कांग्रेसमा महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मासहितका नेताहरूले विशेष महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर अभियान चलाएका छन् । तर पार्टी सभापति देउवा मौन रहँदा उनीनिकटका नेताहरूले हस्ताक्षर अभियानको औचित्यमाथि प्रश्न उठाउँदै आएका छन् । 'विशेष महाधिवेशनले पार्टीमा थप समस्या ल्याउँछन् कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले मध्यान्हसँग भने, 'अहिले नियमित महाधिवेशन गर्ने जग नै बनिसकेको छैन, विशेष महाधिवेशन गर्दा पार्टीमा थप संकट आउँछ । त्यसैले पार्टी सभापति शेरबहादुर देउवाको स्वास्थ्य अवस्था ठिक भएपछि उहाँकै नेतृत्वमा बैठक बसी आवश्यक छलफल गरेर पार्टी र देशलाई निकास दिनेगरी सुझबुझपूर्ण निर्णय लिनुपर्छ । हतारमा निर्णय गरेर पछि फेरि पछुताउने कुरा पार्टीमा राम्रो हुँदैन ।'

रास्वपाभित्र पनि पार्टीको पुर्नसंरचना हुनुपर्ने विषय जोडतोडका साथ उठेको छ । यही एजेन्डामा कुरा नमिल्दा सो दलबाट नेता सुमना श्रेष्ठले राजीनामा दिएपछि पार्टीमा थप खैलाबैला मच्चिएको छ । उता नेकपा एमालेभित्र भने धेरै नेताहरू ओलीविरुद्ध अझै बोल्न सकेका छैनन् । पार्टी सचिव योगेश भट्टराईले पार्टीलाई नयाँ ढंगबाट पुनर्संरचित गरेर जानुपर्ने बताए पनि आगामी नेतृत्व कसले गर्ने भन्ने समस्या एमालेमा छ । ओलीले पार्टी नेतृत्व छाड्नू भन्ने अधिकांश नेताहरूको सोच भए पनि ओलीका अगाडि उनीहरू बोल्न सक्ने अवस्थामै नरहेको एमालेलाई नजिकबाट बुझ्दै आएका विश्लेषकहरूको दाबी छ । जेनजी आन्दोलनले सबैजसो दलमा अन्तरकलहको बिउ रोपेको छ । आन्दोलनलाई दलहरूले सच्चिएर पार्टीलाई नयाँ पुस्तामा लैजाने मौकाका रूपमा लिनुपर्ने विश्लेषक बताउँछन् ।

## भिआइपीका...

विगतका निर्णयका प्रभावकारिता अहिलेको सन्दर्भमा जाँच्न नसकिने धारणा राख्दै अधिकारी अहिलेको सरकारले गरेका निर्णय कति कार्यान्वयन हुन्छ र त्यसले कस्तो नतिजा दिन्छ भनेर हेर्नुपर्ने अधिकारीहरू बताउँछन् ।

सरकारले आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापनतर्फ विगतमा स्रोत सहमति लिई निर्माणाधीन आयोजनामा बजेटको कमी हुन नदिने तर मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्ट भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका ससाना आयोजना तथा कार्यक्रम रोक्का राख्ने निर्णयसमेत भएको छ ।

त्यस्तै, विभिन्न मन्त्रालयअन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भए पनि उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको बजेट विनियोजनलाई रोक्का राख्ने निर्णय पनि गरिएको छ ।

सरकारले प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका ससाना खुद्रे आयोजनामा पनि बजेट रोक्का गर्ने निर्णय गरेको छ । संघीय सरकारबाट सञ्चालन हुने वा वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने १० लाख रुपैयाँभन्दा बढीका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने र आयोजना टुत्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने निर्णय भएको छ ।

खर्च मितव्ययिता र स्रोत परिचालनतर्फ सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका निम्ति बैठकभत्ता उपलब्ध नगराउने, परामर्श सेवा लिने सम्बन्धनमा कडाइ गर्ने, पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र सरकारी भौतिक संरचनाको बिमा गर्ने काम थाल्ने निर्णयसमेत गरिएको छ । संगठन सुधारतर्फ भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय भएको छ । सरकारले स्वीकृत दरबन्दीबाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाइने निर्णय गरिएको छ ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेकका तीनै तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने तथा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेशप्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने निर्णय पनि भएको छ ।

चालु खर्च घटाउनेतर्फ राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमणमा बढीमा १०-सदस्यीय प्रतिनिधिमण्डल हुने र अन्यमा तीन जना मात्रै सदस्य रहने निर्णय पनि भएको छ ।

स्वीकृत दरबन्दी भएको अवस्थामा बाहेक अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक अन्य पदाधिकारीले सल्लाहकार नियुक्ति नगर्ने तथा सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्नेलगायतका निर्णय भएका छन् । बक्यौता असुलीतर्फ अन्तिम लेखा परीक्षणबाट असुलउपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुलउपर गर्ने भनिएको छ ।

## नेपाली...

विश्वस्त रहेको उल्लेख गर्दै मुलुकको समृद्धिका लागि सहकार्य गर्न आफूहरु सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गरेको छ ।

भेटमा एनआरएनएका सल्लाहकार टिबी कार्की, पूर्वआइसिसी सदस्य सन्तोष भट्टराई, राष्ट्रिय समन्वय परिषद् इजरायलका पूर्वअध्यक्ष दीपक ओली, कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतलगायतको उपस्थिति थियो ।

**कतारमा रोजगार**
कम्पनी: HANDASAT ALJANOOB FOR CONTRACTING
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५४२७
शहर: QATAR,DOHA
L.T. No.: 331724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secretary | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2100 | ८१,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 1 | | 1000 | ३८,८४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

**मलेसियामा रोजगार**
कम्पनी : DRONE SECURITY SDN. BHD.
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५४२५
शहर : RIYADH
LT. No.:331809

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 47 | 0 | स. काममा दक्ष | 1700 | ५७,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बसुन्धरा, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
मोबाईल नं.: ९८०१२८०८०४/ ९८०१२८०८२३ / ९८०१२८०८२५
श्रम इजाजत नं. ६८८/०६३/०६४

**साउदीमा रोजगार**
कम्पनी: QUALITY INSPECTION ESTABLISHMENT FOR INSPECTION
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५४०७
शहर: SAUDI ARABIA,RIYADH
LT. No.: 331718

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 1 | 0 | स. काममा दक्ष | 1300 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HAMDAN EMPLOYMENT SERVICE PVT.LTD.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506, Email: hamdan773@gmail.com,
Website: www.hamdanemployment.com.np

**मलेसियामा रोजगार**
कम्पनी : MIRAGE PROTECTION TECHNOLOGY & SERVICES SDN BHD
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५४२४
शहर : MALAYSIA
L.T. No.: 331821

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 0 | स. काममा दक्ष | 1700 | ५७,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HUMAN CARE RESOURCE AND RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं.: १६१४/०७९/०८०
Sinamangal,Kathmandu, Nepal. Tel : 01-5916386
E-mail : humancare2001@gmail.com Web : www.humancarerecruit.com

**युएईमा रोजगारको अवसर**
कम्पनी : NASER MOHAMED AL-BADDAH & PARTNER FOR GENERAL CONTRACTING CO
पूर्व स्वीकृत मिति: २०८२/०६/१० चलानी नं.: ६०२४५३८४
शहर: DUBAI
LT. No.: 329639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer / Worker/ Building Worker / Worker | 100 | 0 | | 1000 | ३८,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

# अझै साढे ६ हजार कैदीबन्दी फरार
# १० दिनभित्र कारागार फर्कन 'अल्टिमेटम'

**काठमाडौं/मस-**सरकारले जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागारबाट फरार कैदीबन्दीलाई १० दिनभित्र कारागार फर्कन 'अल्टिमेटम' दिएको छ ।

गृह मन्त्रालयले शुक्रबार( मन्त्रीस्तरबाट) फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहनेगरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको छ। फरार कैदीबन्दीको खोजी, नियन्त्रण तथा पक्राउ अभियानलाई अझ सघन रूपमा अघि बढाउन मन्त्रालयले कार्यदल, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र कारागार व्यवस्थापन विभागलाई स्पष्ट कार्यादेशसमेत दिएको विभागद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।




कारागार फर्किन बाँकी कैदीबन्दीलाई यही असोज २० गते सोमबारभित्र कारागार फर्किन र सो समयभित्र नफर्किए प्रचलित कानुनबमोजिमको कारबाही हुने विभागले जनाएको छ ।

गठित कार्यदलले जिल्लाका सबै सुरक्षा एकाइ, सबै स्थानीय तह, सञ्चारमाध्यम, सम्बन्धित सरकारी कार्यालयसँग समन्वय र सूचना प्रकाशन गरी प्रचारप्रसार गर्ने व्यवस्था मिलाई फर्किन बाँकी कैदीबन्दीको नामावलीसमेत उपलब्ध गराउनेछ ।

जेनजी प्रदर्शनका क्रममा विभिन्न २८ वटा कारागार र नौवटा बाल सुधारगृहबाट १४ हजार ५ सय ५३ कैदीबन्दी र बालबन्दी भागेका थिए । त्यसमध्ये शुक्रबारसम्म आठ हजार १ सय ९९ बन्दी कारागार फर्केका छन् भने अझै छ हजार ३ सय ५४ कैदीबन्दी फरार रहेको विभागका निर्देशक चोमेन्द्र न्यौपानेले बताए ।

कुल ७२ जिल्लामा रहेका ७५ वटा कारागारमा विभिन्न कसुरमा सजाय भुक्तान गरिरहेका ३० हजार ६ सय ४६ कैदीबन्दी रहेका छन् । धनुषा, बारा, भक्तपुर, नवलपरासी (बर्दघाट सुस्तापूर्व) र पूर्वीरुकुममा कारागार छैनन् ।

फरार कैदीबन्दीको नामावली सम्बन्धित जिल्लाको कार्यदलले अरू जिल्लाको कार्यदललाई समेत उपलब्ध गराउने विभागले जनाएको छ । जिल्लाभित्र विद्यालय, क्याम्पस, टोल/क्लब, सार्वजनिकलगायत सवार ीसाधन, बसपार्क, मनोरञ्जनस्थल, सीमानाका तथा आवश्यक देखिएका अन्य स्थानमा समेत कैदीबन्दीको नामावली पठाइ खोजतलास तथा निगरानीलाई सघन बनाइनेछ ।

भागेका कैदीबन्दी सम्बन्धी सूचना वा जानकारी उपलब्ध गराउन आह्वान गरी त्यस्तो सूचना वा जानकारी प्राप्त गर्न सञ्चारमाध्यम, सामाजिक सञ्जाल वा अन्य उपयुक्त माध्यमबाट कार्यदल वा सुरक्षा निकायको टेलिफोन/इमेल सार्वजनिक गरिनेछ ।

अभियानअन्तर्गत सार्वजनिक सेवा प्रवाह गर्ने निकायलाई समेत फर्किन बाँकी कैदीबन्दीको विवरण उपलब्ध गराई खोजी कार्यलाई प्रभावकारी बनाउने तथा फरार कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कारबाही गरिने व्यहोराको सार्वजनिक सूचना जारी गरिनेछ । त्यसका लागि कार्यदलले आवश्यकताअनुसार जिल्लाका जनप्रतिनिधिलगायत आवश्यक अन्य निकायसँग बैठक गर्ने, अन्तर समन्वय कायम गर्ने र आवश्यक देखिएका अन्य संयन्त्रहरूको सहयोग लिने कार्यादेशमा उल्लेख छ।

कार्यदलले गत भदौ २३ र २४ गते अगाडि कायम भएको अभिलेखानुसार हाल फर्की आएका र आउने कैदीबन्दीको व्यहोरा रुजु भिडान गरी फर्किन बाँकीको दैनिक अभिलेख व्यवस्थित रूपमा तयार गर्नेछ। कार्यदलको रेखदेख, समन्वय र परिचालन गर्ने गराउने र नियमित रूपमा गृह मन्त्रालय, सुरक्षा तथा समन्वय महाशाखालाई जानकारी गराउने कर्तव्य सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको हुने कार्यदेशमा उल्लेख छ ।

यसअघि कारागार व्यवस्थापन विभागबाट सम्पादन भइरहेका कार्यका अतिरिक्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी, पक्राउ तथा खोजी कार्यदल तथा अन्य सम्बन्धित निकायसँग समन्वय पनि विभागले नै गर्नेछ । विभागले फर्किन बाँकी कैदीबन्दीको अध्यावधिक विवरण कार्यदलबाट नियमित रूपमा प्राप्त गरी गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, राहदानी विभाग, अध्यागमन विभाग, वैदेशिक रोजगार विभाग, सञ्चारमाध्यम र अन्य आवश्यक/सम्बन्धित निकायहरूमा पठाउनेछ ।

जेनजी प्रदर्शनपछि फरार कैदीबन्दीलाई कारागारमा फर्काउन, परिस्थितिलाई सहज बनाउन, क्षतिग्रस्त कारागारको अवस्था सामान्य बनाउने काम भइरहेको तथा सरोकारवाला निकायको समन्वयात्मक प्रयासबाट कैदीबन्दी कारागारमा फिर्ता आउने/ल्याउने क्रम जारी रहेको विभागले जनाएको छ ।

## मितव्ययिताका माध्यमबाट पुनर्निर्माण अघि बढाइने



**काठमाडौं/मस-**अर्थमन्त्री रामेश्वर खनालले मितव्ययिताका माध्यमबाट पुनर्निर्माण अघि बढाइने प्रतिबद्धता जनाएका छन्। अर्थ मन्त्रालयमा स्थानीय दातृ निकायका प्रमुखहरूसँग शुक्रबार भएको बैठकमा उनले खर्च कटौतीमार्फत जेनजी प्रदर्शनका क्रममा जलाइएका भौतिक संरचनाको पुनर्निर्माण गरिने बताए ।

बैठकमा मन्त्री खनालले विकास साझेदारले नेपालको आर्थिक तथा सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याउँदै आएकामा धन्यवाद दिए ।

उनले वर्तमान सरकारका तत्कालका प्राथमिकता प्रकाश पारे ।

'नेपालमा हालै गठित अन्तरिम सरकारद्वारा युवाहरुको चाहना अनुरूप पारदर्शी, जवाफदेही, भ्रष्टाचारमुक्त समाज र विधिको शासन स्थापना गरिने छ,' उनले भने, 'आन्दोलनका कारण सार्वजनिक तथा निजी क्षेत्रमा ठूलो आर्थिक क्षति भएको छ । अनुपयुक्त खर्च कटौती र मितव्ययिताका माध्यमबाट पुनःनिर्माण अघि बढाइने र आर्थिक सुधारका कार्यक्रमलाई तीव्रता दिइने छ ।'

कार्यक्रममा विकास साझेदारका तर्फबाट संयुक्त राष्ट्र संघका आवासीय संयोजक, यूएनएचसिआरका प्रतिनिधि, नेपालका लागि जापान, दक्षिण कोरिया, संयुक्त अधिराज्य, स्वीट्जरल्याण्ड, फिनल्याण्ड र अष्ट्रेलियाका राजदूतहरु, भारत र नर्वेका प्रतिनिधि, युरोपियन युनियन, विश्व खाद्य कार्यक्रमका प्रतिनिधिलगायतले आफ्नो भनाइ राख्दै नेपालको वर्तमान अवस्थाप्रति जानकार रहेको र सरकारको नीति तथा कार्यक्रममा सहमति जनाएका थिए ।

विकास साझेदारले चालू अवस्थाका आयोजनाहरुलाई निरन्तरता दिने र थप कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारसँग सहकार्य गर्न तयार रहेको उल्लेख गरेका छन् । मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले बैठकमा राजनीतिक परिवर्तन र नयाँ सरकारले अवलम्बन गरेको आर्थिक कार्यदिशा र प्राथमिकताका विषयमा छलफल भएको जानकारी दिए ।

## हराएका हातहतियार फिर्ता गर्न गृहको आग्रह




**काठमाडौं/मस-** गृह मन्त्रालयले गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा काठमाडौंलगायतका मुलुकका विभिन्न भागमा सुरक्षा निकायको साथबाट हराएका हतियार बुझाउन आग्रह गरेको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार, मुलुकका विभिन्न भागमा सुरक्षा निकायको साथबाट हराएको हातहतियार र खरखजाना कही कसैले फेला पारेमा नजिकको सुरक्षा निकायमा यही असोज मसान्तसम्म बुझाउनुहुन अनुरोध छ। सो मितिभित्र हातहतियार र खरखजान बुझाउन ल्याएमा वा त्यसको जानकारी दिएमा त्यस्ता व्यक्तिलाई उचित सम्मान गरिने मन्त्रालयले जनाएको छ । सो मितिपश्चात कोहीकसैसँग ती हराएका हातहतियार र खरखजाना फेला परेमा कानुनबमोजिम कारबाही हुने मन्त्रालयले जनाएको छ ।

जाँचबुझ आयोगद्वारा क्षतिको विवरण मगाउने निर्णय

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगले क्षतिको विवरण मगाउने निर्णय गरेको छ ।

जलवायु तथा अनुसन्धान विभाग, बबरमहलमा कार्यालय स्थापना गरी बसेको बैठकले क्षतिको विवरण मगाउने निर्णय गरेको हो। आयोगले क्षतिको विवरण सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अन्य सरकारी कार्यालयको क्षतिको विवरण गृह मन्त्रालयबाट मगाउने निर्णय गरेको छ। साथै, निजी क्षेत्र, उद्योगधन्दा, व्यक्तिगत सम्पतिमा भएको क्षतिका विषयमा आयोगमा आएर वा इमेलमार्फत बुझाउन सकिने उल्लेख गरेको छ ।

'आयोगले काम सुरु गरेकै दिन क्षतिको विवरण मगाउने निर्णय गरेको छ, सात जना कर्मचारी दिइएको छ', आयोगका संयोजक कार्कीले भने,'घटनाको छानबिन गर्ने विज्ञ छैन, गोलीसम्बन्धी अध्ययन गर्ने विज्ञ छैन, सरकारी वकील, प्रहरी चाहिन्छ भनेर सरकारलाई भन्छौं, तोकिएको समय तीन महिनाभित्र सक्ने गरी काम गर्छौं ।'आयोगले क्षतिसम्बन्धी विवरण पुष्टयाई गर्ने, कागजात/श्रव्यदृश्य सामग्रीलगायत अन्य कुनै प्रमाण भएमा संलग्न गरी आयोगको कार्यालय वा आयोगको इमेल ठेगाना कभउडबलमढष्लअष्मभलत।ष्अरुनकबषीअयमा पठाउन सकिने जनाएको छ ।

यही असोज ५ गतेको मन्त्रिपरिषद्को बैठकले कार्कीको संयोजकत्वमा तीन सदस्यीय आयोग गठन गरेको थियो । आयोगको सदस्यहरुमा पूर्व एआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन् । यो आयोगको कार्यअवधि तीन महिनाको छ ।

भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा जनधनको ठूलो क्षति भएको छ। अहिलेसम्म ७४ जनाको मृत्यु भइसकेको छभने धनको क्षतिबारे विवरण संकलन भइरहेको छ ।

## हरायो रातोमाटोको रौनक
# आधुनिकतासँगै रित्तिँदै गाउँ र दसैंको उल्लास

**पुस्तक रेग्मी/मध्यान्ह**
धादिङ, १० असोज

धादिङको गंगा जमुना गाउँपालिका-७, बुढाथुमस्थित लोकुवा गाउँमा दशैंको आगमनसँगै घरघरमा रातोमाटोले लिपपोत गरेर देखिने सुन्दरता र सांस्कृतिक रौनक अब केवल सम्झनामा सीमित हुन थालेको छ । एक दशक अघिसम्म दशैं सुरु हुनासाथ गाउँका हरेक घरलाई रातोमाटो र सेतो कमेरोले सिंगार्ने चटारोले छोप्थ्यो, तर आज त्यो परम्परा आधुनिकताको प्रभाव र बसाइँसराइको चपेटामा परेर लगभग लोप भएको छ ।

पहिले दशैंको सुरुवातको संकेत दिने यही घर पोत्ने चलनले गाउँमा बेग्लै उल्लास छर्ने गर्थ्यो । स्थानीयहरू बारीका पाखामा गएर रातोमाटो खन्नमा व्यस्त हुन्थे। तर, अहिले ती माटो निकाल्ने ठाउँहरू झाडीले ढाकिएका छन् र सुनसान छन् । गाउँमा परम्परागत खर र ढुंगाले बनेका घरहरू विस्थापित भई आधुनिक पक्की घर बन्ने क्रम बढेसँगै रातोमाटोको पहिचान पनि मेटिँदै गएको हो ।

### आधुनिकताले मेटायो मौलिकता

पछिल्लो समय गाउँगाउँसम्म सडक सञ्जाल पुगेपछि स्थानीयहरू परम्परागत निर्माण सामग्री ढुंगा, माटो र काठको सट्टा सिमेन्ट, फलामका डन्डी र जस्तापाता प्रयोग गरी आधुनिक घर बनाउन आकर्षित भएका छन् । यसले गर्दा ग्रामीण मौलिकता हराउँदै गएकोमा बूढापाकाहरू चिन्तित बनेका छन्।

'पहिले घर पोत्न थालेपछि गाउँमा दशैं आएजस्तो लाग्थ्यो, सबैतिर रमाइलो हुन्थ्यो,' एक स्थानीय वृद्धले भने, 'अहिले न घर पोत्ने चलन रह्यो, न त दशैंको त्यो पुरानो रौनक नै ।'



### रित्तिँदै गाउँ, युवाविहीन बन्दै समाज

गाउँको सांस्कृतिक पहिचान मात्र होइन, सामाजिक संरचना नै खल्बलिँदै गएको छ। गाउँघर अहिले बूढापाकाहरूको बसोबास क्षेत्रमा परिणत भएको छ। गाउँको सरकारी विद्यालयबाट एसईई उत्तीर्ण गरेपछि उच्च शिक्षा र रोजगारीको खोजीमा युवाहरू सहर पस्ने क्रम तीव्र छ । जसका कारण अहिले गाउँमा १८ देखि २५ वर्ष उमेर समूहका युवा भेट्न मुस्किल पर्छ ।

यसको प्रत्यक्ष उदाहरण लोकुवाको छभाई टोल हो, जहाँ कुनै बेला ९-१० घरधुरीको बसोबास थियो भने अहिले घटेर ६ घरमा सीमित भएको छ । ती घरका अधिकांश परिवारले पनि विकल्पको रूपमा सहरमा घर बनाइसकेका छन् । यो क्रम जारी रहे अबको एक दशकभित्र गाउँ पूरै रित्तिने हो कि भन्ने चिन्ता बढेको छ ।

### खस्कादो दशैंको उल्लास

युवा शक्तिको पलायनले दशैं जस्ता चाडपर्वको उल्लासलाई समेत फिक्का बनाएको छ । पहिले गाउँका चोकचोकमा हालिने लिंगे पिङहरू आज देखिन छाडेका छन् । भेला भएर तास खेल्ने र रमाइलो गर्ने चलन पनि हराउँदै गएको छ। युवाहरूको अनुपस्थितिले गाउँमा दशैं आए पनि नआएजस्तो सुनसान महसुस हुन थालेको स्थानीयहरू बताउँछन् ।

### बसाइँसराइका बहुआयामिक कारणहरू

२०७२ सालको विनाशकारी भूकम्पपछि गाउँबाट पलायन हुने क्रम झनै बढेको हो । भूकम्पले परम्परागत घरहरूमा क्षति पुऱ्याएपछि नयाँ बन्ने घरहरू आधुनिक र पक्की बनाउन थालियो, जसले परम्परागत शैलीलाई थप विस्थापित गऱ्यो । यसका साथै, ग्रामीण क्षेत्रमा रोजगारीका अवसर हरूको अभाव र सहरी क्षेत्रको आकर्षणले बसाइँसराइलाई तीव्र बनाएको हो ।

धादिङको लोकुवा गाउँ नेपालका धेरै ग्रामीण बस्तीहरूको प्रतिनिधि पात्र बनेको छ, जहाँ विकास र आधुनिकताको आगमनसँगै मौलिक पहिचान, सांस्कृतिक परम्परा र सामाजिक उल्लास हराउँदै गएको छ। यदि समयमै स्थानीय संस्कृति संरक्षण र ग्रामीण क्षेत्रमै रोजगारी सिर्जना गर्नेतर्फ ध्यान नदिने हो भने यी गाउँहरू केवल नाममा सीमित हुने दिन टाढा छैन ।

# नियमित महाधिवेशनको पक्षमा शेखर कोइराला

**मध्यान्ह संवाददाता**
काठमाडौं,१० असोज

नेपाली कांग्रेसभित्रको रूपान्तरण र एकताका लागि कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले विशेष भूमिका निर्वाहको चरणमा रहेका छन् । जेजनी आन्दोलनपछिको राजनीतिक परिस्थितिलाई सम्हाल्दै पार्टीको नियमित महाधिवेशनमार्फत कांग्रेसलाई एक ढिक्का भएर जनतामाझ जाने अवस्था निर्माणका लागि नेता कोइरालाले विभिन्न पक्षसँग संवाद थालेका हुन् । उनले केही दिन अघि पार्टी महामन्त्री गगन थापासँग छलफल गरेका थिए भने त्यसपश्चात् पार्टीका केन्द्रीय समिति र केन्द्रीय समितिभन्दा बाहिरका नेताहरूसँग निरन्तर छलफलमा रहेको ग्रेसका युवा नेता भूपेन्द्रजंग शाहीले बताए ।

कांग्रेसलाई यथास्थितिबाट अगाडि बढाउन र विभाजनबाट रोक्न सबैले जिम्मेवारी लिएर लाग्नुपर्ने समय आएकाले आगामी मंसिरमा पार्टीको नियमित महाधिवेशनको तयारी थाल्न कोइरालाले पार्टीका विभिन्न तहका नेताहरूसँग छलफललाई नियमित गरेका नेता शाहीले मध्यान्हलाई जानकारी दिए ।

'नेता कोइरालाले कांग्रेसमा एकता र आमूल परिवर्तनको लागि विशेष भूमिका निर्वाह गरिरहनु भएको छ', उनले भने 'अहिलेको संकटमा शेखर कोइरालाको धारणा यो वा त्यो पक्ष भनेर विभाजित हुनुहुँदैन, चाँडै महाधिवेशनका लागि वातावरण बनाउनुपर्छ भन्ने छ ।'



त्यसको लागि चाँडै केन्द्रीय कार्यसमितिको बैठक बोलाएर महाधिवेशनको कार्यतालिका घोषणा गर्नु पर्ने पक्षमा कोइराला रहेको नेता शाहीले बताए । 'दुई वर्ष अघिदेखि नै शेखर दाइले नियमित महाधिवेशनको मुद्दा पार्टी केन्द्रीय कार्यसमितिमा र सार्वजनिक रूपमा समेत निरन्तर उठाउँदै आउनु भएको हो', उनले भने।

नेता कोइरालाले भनेका छन्, 'जेन-जीआन्दोलनपछि अब चाँडै नै अधिवेशन गर्नुपर्छ भन्नेमा म दृढ छु । अहिलेको कार्यसमितिको म्याद मंसिरमा सकिने भएकाले अब म्याद थपेर नजाऔं । त्यसको लागि पहिले पार्टीको बैठक बोलाएर छलफल चलाउनुपर्छ । अब हामीले महाधिवेशनलाई लम्ब्याउनु हुँदैन। निर्वाचन अगाडि नै महाधिवेशन सम्पन्न गरेर नयाँ नेतृत्व लिएर निर्वाचनमा जानुपर्छ ।' जेन-जी आन्दोलनपछि नेपाली कांग्रेसभित्र नेतृत्व परिवर्तनको लागि दबाब बढेको छ ।

पार्टीको विशेष महाधिवेशनको एजेन्डालाई बलियो बनाउँदै महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मासहित नेताहरू हस्ताक्षेर अभियान छन् । तर पार्टी संस्थापन पक्षले त्यसलाई अवैधानिक गतिविधिकारूपमा लिएका छन् । यही सन्दर्भमा पार्टीमा आन्तरिक कलहलाई न्यूनीकरण गर्दै दुबै पक्षबीचको संवादबाट निकास दिनेगरी वरिष्ठ नेता कोइरालाले भूमिका खेल्नुपर्ने आम कार्यकर्ताको समेत अपेक्षा छ । पार्टी र देश संकटमा परेको अवस्थामा नेता कोइरालाले पार्टीका सबै पक्षसँग समन्वय गरी निकास दिने योजना बनाउनु अहिलेको आवश्यकता रहेको छ।

कोइराला निकटका नेता शाहीले पार्टी सभापति पदाधिकारी सहित सबैले जिम्मेवारी लिएर मंसिरमै नियमित महाधिवेशन गर्न एकजुट हुनुपर्ने तर्क अघि सारेका छन् । 'कोही नेताहरूले पनि मेरो गोरूको बाह्रै टक्का भनेर मात्र हुँदैन, सबैको भावना र विचारलाई सम्मान गर्दै सहमतिका साथ मिलनबिन्दुको खोजी गर्दै मंसिरमा नियमित महाधिवेशनमा जानुपर्छ', उनले भने ।

नेता शेखर कोइराला पनि चुनावमा जाँदा नयाँ नेतृत्व लिएर जानुपर्ने पक्षमा उभिएका छन् । कांग्रेसमा योगदान गरेका पुस्ता र युवा पुस्ता दुवैको सम्योजन गरेर सबैको मिलनबिन्दुको रूपमा आफुले अभिभावकत्वको मुमिकामा देखिने सन्देश दिएका छन् । आन्दोलनको मुख्य माग भ्रष्टाचार र बेथितिकाविरुद्ध भएकाले त्यसलाई सबैले आत्मसाथ गरेर जानुपर्ने कोइरालालको भनाइ छ।

# दसैंमा यात्रा गर्न बाटो सहज भइसक्यो : सडक विभाग



**काठमाडौं/मस-**सडक विभागले दशैंमा काठमाडौं उपत्यकाबाट बाहिरिने र भित्रिने यात्रुका लागि बाटो सहज भइसकेको जनाएको छ ।

मुलुकका अधिकांश मुख्य राजमार्गको पहिरो पन्छाएर सुधारको काम भइसकेकाले अब यात्रुहरूले सास्ती भोग्न नपर्ने विभागले जनाएको छ। पृथ्वी, अरनिकोलगायत मुख्य राजमार्ग पहिरोका कारण यात्रुहरूले सास्ती भोग्नुपरेको थियो।

यसअघि पहिरोका कारण मुग्लिन-नारायणघाट सडकखण्ड अवरुद्ध हुँदा यात्रुहरू ४० घण्टाभन्दा बढी समय ट्राफिक जाममा बस्न बाध्य भएका थिए । विभागका प्रवक्ता प्रभातकुमार झाले अब ठूलो वर्षा नभए समस्या नआउने विश्वास व्यक्त गरे ।

'दशैंका लागि यात्रु बाहिरिने क्रम सुरु हुनासाथ पहिरोका कारण पृथ्वी, अरनिलगायत मुख्य राजमार्ग नै पूर्ण रूपमा अवरुद्ध भए । यात्रुहरूले धेरै सास्ती भोग्नुपऱ्यो, तर हामीले २४ घण्टा नै खटिएर पहिरो पन्छाउने काम गऱ्यौं । हाल बाटो सहज भइसकेको छ' उनले भने ।

हाल चार राजमार्ग पूर्ण रूपमा र एक सय ७१ राजमार्ग एकतर्फी रूपमा सञ्चालनमा रहेका छन्। यसबाहेक ठोरी-भण्डारा-मलेखु, गल्छी त्रिशूली-वेत्रावती-मैलुङ-स्यफ्रुबेँसी-रसुवागढी राजमार्ग अवरुद्ध हुँदा स्याउपार्किङ, रसुवागढीमा यातायात ठप्प छ । विभागका अनुसार हाल एक्साभेटर तथा लोडर प्रयोग गरी अवरुद्ध सडक खोल्ने प्रयास भइरहेको छ। गत साउन १४ गते चीनबाट बाढी आएको र नदीले सडक कटान गरेको कारण उक्त राजमार्ग अवरुद्ध भएको हो ।

यसैगरी चतरा-मुलघाट-माझीटार-अमरापुरडाँडा-गणेशचोक (तमोर करिडोर) राजमार्गअन्तर्गत ताप्लेजुङको फक्ताङलुङ वडा नं ५ र ६ जोड्ने रानीपुल बेलीब्रिज पनि पूर्ण रूपमा अवरुद्ध भएको विभागको तथ्यांकमा उल्लेख छ । रेमिट हाइड्रोबाट पुनःबेलीब्रिज निर्माणका लागि पहल भएको विभागले जानकारी दिएको छ ।

करिब पाँच वर्ष पहिले रेमिट हाइड्रोबाट तमोर नदीमा निर्मित रानीपुल बेलीब्रिज गत साउन ६ गतेको बाढीले बगाएको थियो । ठोरी, भण्डारा-मलेखु, गल्छी- त्रिशूली-वेत्रावती-मैलुङ-स्यफ्रुबेँसी-रसुवागढी राजमार्गअन्तर्गत रसुवाको तातोपानी र टिमुरे पनि पूर्ण रूपमा अवरुद्ध रहेको विभागले जनाएको छ। यस्तै,रानी-विराटनगर-इटहरी-धरान-धनकुटा-हिले, लेघुवाघाट-तुम्लिङटार-खाँदवारी-नुम-किमाथाङ्का (कोशी राजमार्ग) अन्तर्गत संखुवासभाको अल्फटेमा यातायात अवरुद्ध रहेको छ ।

कथा

# हरायो कमान्डर

*उसले एउटा म्यानपावर कम्पनीमा आफ्नो पासपोर्ट र फोटो बुझायो, जम्मा डेढ लाख तिर्नुपर्छ भन्यो म्यानपावरले । पैसा त थिएन उसँग । बाबुसँग रोइकराइ गर्‍यो । एउटा खेत थियो । बन्दगी राख्यो । बिहे भइसकेको थियो । एउटा सानी छोरी पनि भइसकेकी थिई । उ युद्धमा होमिन जाँदा श्रीमती दोजिया भएकी थिई । चार वर्ष त उ जङ्गलमै हराएको थियो ।*



■ लक्ष्मण सिटौला

माओवादी सैन्य लडाकुहरू जन्मिएको एउटा दुर्गम गाउँ । त्यही स्थानबाट नयाँ नेपाल बनाउने कसम खाँदै, शिरमा कात्रो, हातमा बन्दुक र खुट्टामा उज्यालो बाटोको खोजीमा निस्किएका थिए । दशौँ वर्ष युद्धको धुवाँले ढाक्यो नेपाली आकाश । हजारौँ निर्दोष नेपाली मरे, मारिए । हजारौँ विधवा बने । हजारौँ आमाहरू छोरा विहीन भए । हजारौँ नाबालकहरू आमाबाबु विहीन बने ।

त्यही युद्धको जगमा भएको आन्दोलनबाट सामन्ती सरकार ढल्यो । २४० वर्षको राजतन्त्र गल्र्याम गुर्लुम ढल्यो । गणतन्त्र स्थापना भयो । त्यति मात्र होइन, नेपालमा संघीयता पनि आयो । समावेशिता पनि आयो । नेपाली जनताले रोजेको, खोजेको शासन प्रणाली आयो भने सबैले । अब कोही नेपाली भोग रोग र अशिक्षाको अँध्यारोमा बस्न पर्दैन भन्ने कुरामा जनता ढुक्क भए । त्यसपछि हिजोको युद्धमा कमान्ड सम्हालेका तर बन्दुक कहिले नबोकेका व्यक्तिहरू प्रधानमन्त्री र मन्त्री बन्ने क्रम सुरु भयो ।

सर्वसाधारण जनताको छोरा, जो युद्धमा होमिएको थियो र अपांग बन्यो महान परिवर्तनका वेदिमा, तर उ भने यो परिवर्तनले खुसी हुन सकेन । उसको जिन्दगी फेरिएन । परिवर्तनले जनजिन्दगी फेरिएन भने त्यो के परिवर्तन हो र ? ल्याएको परिवर्तन केवल ढाडे बिरालाको लागि मात्रै थियो भने त्यत्रो नेपाली किन सहिद बन्नु थियो र ? दुःख उस्तै रह्यो । अभाव उस्तै रह्यो । अशिक्षा र गरिबी उस्तै रह्यो । केही मुट्ठीभर नेता र तिनैका सन्तान दरसन्तानलाई सत्तामा पुर्‍याउन गरिएको युद्ध बेकार भयो भन्ने कुराले जनतामा फेरि निराशाले छाउन थाल्यो ।

युद्धमा होमिएको सानुमानको जिन्दगीमा केही परिवर्तन आएन । युद्धमा बाचियो भने एउटा नोकरीसम्म त मिल्ला भनेको आखिर नेपाल आर्मीमा पनि उ समाहित हुन सकेन । उसको लागि बोल्दिने कोही भएन । उसको सपना तुहियो । कति साथीहरू नेपाल आर्मीमा समाहित भए । उ भएन । उसको भाग्यमा लेखेकै रहेनछ । हिजो युद्धमा मारिएको भए कमसेकम सहिद त हुन पाइन्थ्यो । परिवारले अलिकति भने पनि पैसा पाउँथे । थुइक्क मेरो भाग्य !

मृत्युले नपत्याएको मान्छे म । यस्तै यस्तै सोच्दै आर्मीमा गएका साथीहरूलाई बिदाइ गरेर एक दिन उ सदरमुकामबाट गाउँ फर्कियो । निधारमा एउटा कलन्कको टीका त लागेकै थियो । सँगै छिमेकीको छोरा आर्मीमा गयो त चै लायक भइनछस् है ..?



*गाडीले एकाबिहानै थानकोट काट्यो । विधाताले बनाएको यो नियमलाई कसले उल्लंघन गर्न सक्थ्यो र ! आखिर गाडी बाटोमा दुर्घटनामा पर्‍यो । त्रिशूलीमा खस्यो । शव बनेर गएको सानुमान फेरि फर्केर घर गएन ।*

बाबुको बचनले कोखा हान्यो । के म त्यस्तो नालायक नै थिए त ? भूपू माओवादी भए म । किन बन्दुक बोक्नु परेको मैले ? मैले आफ्नै गाउँका काका पर्ने जगतमान गुरूङको कन्चटमा हाने । ताकि-ताकि मारे । उनको दोष खास के थियो मैले बुझेको पनि थिइन त्यतिबेला । चन्दा माग्दा नदेको झोकमा दुस्मन भन्दै कतिलाई मारियो, मारियो... सानुमानलाई निन्द्रा आएन । भोलिपल्टै उ फेरि सदरमुकाम गयो ।

उसले एउटा म्यानपावर कम्पनीमा आफ्नो पासपोर्ट र फोटो बुझायो, जम्मा डेढ लाख तिर्नुपर्छ भन्यो म्यानपावरले । पैसा त थिएन उसँग । बाबुसँग रोइकराइ गर्‍यो । एउटा खेत थियो । बन्दगी राख्यो । बिहे भइसकेको थियो । एउटा सानी छोरी पनि भइसकेकी थिई । उ युद्धमा होमिन जाँदा श्रीमती दोजिया भएकी थिई । चार वर्ष त उ जङ्गलमै हराएको थियो । युद्ध बिराम भएर घरमा पुग्दा जून जस्ती छोरीलाई काखमा लिएर उ बेस्सरी रोयो । केही थिएन साथमा । बन्दुकले खाएको दुइटा डुढो औंला बाहेक । उसलाई देखेर श्रीमती बेस्सरी रोएकी थिई । एक महिनापछि भिसा आयो । सानुमान अरब गयो, महिनाको १५ हजार कमाउन । उसले सोच्यो उसको लागि नेपाल रहेनछ । नेपाल त केवल नेता, जाली फटाहा, भ्रष्टाचारी, चाकरी चम्चागिरी, नेताका आशीर्वाद पाउनेहरूका लागि मात्रै रहेछ भन्दै एयर अरेबियाको जहाज चढ्यो । भर्‍याङ उक्लिनु अघि पर बसेकी सानी छोरीलाई हात हल्लाउँदै जहाज भित्र छिर्‍यो ।

धेरै-धेरै दुःख गर्‍यो, पचास डिग्रीको तातो मरुभूमिमा । १७ वर्ष काम गर्‍यो । छोरीलाई हुर्कायो । खेत नि खन्यो । उ उतै हुँदा उसका बाबु बिते । नेपाल आउन छुट्टी मिलेन । बाउको लागि उतैबाट उसले काज किरियामा सहयोग पुर्‍यायो । किरिया खर्च उतार्‍यो । छोरीलाई कलेज पढाउन थाल्यो । आमा, श्रीमती र एक छोरीको जिन्दगी अब सहज रूपमा बग्न थाल्यो ।

एक दिन उसले एउटा खबर सुन्यो कि चाइनाको बुहान भन्ने स्थानमा अर्कै खालको रोग फैलिएको । र, सहर नै सिल गरेको । उसले सोचेन, त्यो रोग उ बसेको सहर रियादसम्म कहिले आउला भनेर । युरोपेली मुलुकहरू त्यही रोगका कारण ध्वस्त हुन थाले । अमेरिका पनि त्राही-त्राही हुन थाल्यो । उसले सोच्यो, त्यो रोग नेपालमा आउँदैन भनेर । चाइनाबाट रियादसम्म त्यो रोग उडेर आइपुग्न एक महिना पनि लागेन । उसकी श्रीमतीले घरबाट फोन गरी, 'कुन्नी के जाती कोरोना भन्ने रोग आको छ रे ! टिकट काटेर झट्टै नेपाल आउनु ।' नभन्दै रियादमा पनि केही संक्रमण देखियो । उ काम गरेको फ्याक्टरी बन्द भयो । उसलाई अफिसले बिदा दियो । अन्तर्राष्ट्रिय उडान बन्द हुनु केही दिन पहिले उ एयर अरेबियाबाट नेपाल उत्रीयो । भोलिपल्टै उ घर गयो । गाउँमा परिवारहरू आत्तिरहेका थिए । घर पुगेपछि आमा र श्रीमती ढुक्क भए । छोरी खुसी भई । तर, खोइ किन-किन ! उ भने ढुक्क हुन सकेको थिएन । बाटोमा आउँदा-आउँदै उसले न्यूज पढ्न पुग्यो । एयर अरेबियाको फ्लाईटबाट यो मितिमा नेपाल आएका एक जना नेपालीलाई कोरोना पुष्टि भएकोले उक्त उडान र मितिमा नेपाल फर्किएका सबै यात्रुहरूले सम्बन्धित फोनमा सम्पर्क गर्न अनुरोध ।

उसले उक्त मोबाइलमा फोन गर्‍यो । फेरि उ काठमाडौं फर्किन पर्ने भो । उ होसियार थियो । फर्किनु अघि नै रियादमा उसलाई कोरोना बारेमा धेरै कुराको ज्ञान सिकाइएको थियो । उ फेरि चौधौँ दिनको आइसोलेसनमा गयो । आइसोलेसनको सबै भद्रगोल र बेथिति देखेर उ अवाक् भयो । सात दिनपछि उसको कोरोना रिपोर्ट पोजेटिभ आयो । तर, उ आत्तिएन । धैर्यता राख्यो । नेपालमा कोरोना डढेलो लागेजस्तै फैलिन थाल्यो । सरकारले तोकेको कोरोना अस्पतालमा बेड छैन ।

सरकारसँग निश्चित योजना पनि थिएन । भिजन पनि थिएन । कोरोना औजार र औषधी खरिदमा समेत भ्रष्टाचार भएको भनी मुद्दा उठे । देशमा यत्रो कोरोनाको महामारी फैलिएको छ सरकार भने आफ्नो पार्टीको आन्तरिक कलहमा अलमलिएको छ । चौधौँ दिन नपुग्दै 'खानै नपाएर मरिने भइयो' भन्दै आइसोलेसनबाट भाग्यो सानुमान । नाम मात्रैको आइसोलेसनबाट झन् बढी खतरा मोल्नुपर्ने देखेर ऊ भाग्यो ।

जो-जो नेताका आसेपासे छन्, तिनलाई अर्कै व्यवस्थापन छ । आइसोलेसनमा समेत यो विभेदले ऊ दिक्क भयो । मानिस सधैं किन आफ्ना र अर्कामा विभेद देखाउँछ! योभन्दा पशुतुल्य जिन्दगी त हिजो बन्दुक बोक्दा नै भोगेकै हो र? आजसम्म पनि यो भेदभावपूर्ण व्यवहार उस्तै रहेछ । खोइ, कहाँ आयो परिवर्तन ? यति विभेद त जङ्गली जनावर बिचमा पनि हुँदैन । सानुमान फेरि गाउँ जाने विचारमा घोत्लियो । सारा बाटो र यातायात बन्द थियो । एउटा शव वाहन चालकसँग उसको आइसोलेसनमै परिचय भएको थियो । १० हजारमा उसले गाउँ छोडेर आइदिने कबुल गर्‍यो । भोलिपल्ट बिहानै ऊ लासजस्तै बन्यो । कात्रोमा बेरियो । 'शान्त भएर सुत्नु', भन्यो चालकले थानकोट चौकी आएपछि ।

ऊ त्यस्तै बन्यो । गाडीले एकाबिहानै थानकोट काट्यो । विधाताले बनाएको यो नियमलाई कसले उल्लंघन गर्न सक्थ्यो र ! आखिर गाडी बाटोमा दुर्घटनामा पर्‍यो । त्रिशूलीमा खस्यो । शव बनेर गएको सानुमान फेरि फर्केर घर गएन ।

# मोबाइलको लत

कथा



■ रञ्जना बास्ताकोटी

*अन्ततः परीक्षा भयो । परीक्षा कस्तो भयो भनेर कसैले सोध्दा सुमन झर्किन्थ्यो, 'सबै ठीकै छ ।' तर ऊ भित्रभित्रै डराइरहेको थियो- आफ्नै कमजोरीबाट । परीक्षाको नतिजा आयो । सुमन सबै विषयमा फेल भएको थियो ।*

सुमन थापा, एक होनहार विद्यार्थी, कक्षा ११ मा विज्ञान विषय लिएर पढ्दै थियो । सबैले उसको तेज दिमाग, अनुशासन र मेहनती स्वभावको प्रशंसा गर्थे । उसले सानैदेखि डाक्टर बन्ने सपना बोकेको थियो । तर त्यो सपना बिस्तारै धमिलिँदै गयो, एक साधारण तर खतरनाक कारणले: मोबाइलको लत ।

सुरुमा उसले मोबाइल केवल पढाइको लागि प्रयोग गर्थ्यो- गुगल सर्च, युट्युब ट्युटोरियल अनि अनलाइन नोट्स हेर्नका लागि । तर बिस्तारै मोबाइल उसको जीवनको अपरिहार्य हिस्सा बन्दै गयो । सामाजिक सञ्जाल, टिकटक, गेम र च्याटमा उसको समय खेर जान थाल्यो । सुरुमा उसको परिवारले थोरै बोले, 'थोरै चलाऊ न मोबाइल, आँखालाई असर गर्छ ।' तर सुमनले ध्यान थिएन । बिस्तारै उसले पढाइमा ध्यान दिन छोड्यो । किताब खोल्दा पनि मोबाइल साथमा हुन्थ्यो । के पढ्यो, के सम्झियो, आफैलाई थाहा नहुने भयो । उसले मोबाइल नपाएको बेला असहज महसुस गर्न थाल्यो । निद्राको समय घट्दै गयो, रातभर स्क्रिनमा आँखा गाडेर बस्न थाल्यो ।

अभिभावकले उसलाई पढ्न भनेर सोध्दा ऊ झर्किन थाल्यो । 'पढिरहेको छु नि त ! बुझेको छैन तपाईंलाई', भनेर चिच्याउन थालेपछि घरमा पनि तनाव बढ्न थाल्यो । उसलाई कुनै कामको जिम्मेवारी दिनै नसकिने भयो । उसमा ध्यान दिने, कुरा सुन्ने र उत्तर दिने क्षमता हराउँदै गयो ।

उसका साथीहरू पनि टाढिन थाले । पहिलेजस्तो मिलेर पढ्ने, छलफल गर्ने वातावरण रहन छोड्यो । मोबाइलको कारण सुमन समयमै कक्षा नपुग्ने, होमवर्क नपठाउने अनि प्रयोगशालाको कामसमेत गर्न छाड्यो । साथीहरूले उसलाई बोलाउनु छाडे ।

त्यसैबीच कक्षा ११ को वार्षिक परीक्षा नजिकिँदै थियो । सबै साथीहरू तयारीमा जुटिरहेका थिए, तर सुमन अझै मोबाइलमै झुमिएको थियो । जब कहिलेकाहीँ उसलाई पढ्न मन लाग्थ्यो, मोबाइलको नोटिफिकेसनले ध्यान भंग गरिदिन्थ्यो । एकछिन हेर्छु भन्दाभन्दै घण्टौं बित्थ्यो ।

अन्ततः परीक्षा भयो । परीक्षा कस्तो भयो भनेर कसैले सोध्दा सुमन झर्किन्थ्यो, 'सबै ठीकै छ ।' तर ऊ भित्रभित्रै डराइरहेको थियो- आफ्नै कमजोरीबाट । परीक्षाको नतिजा आयो । सुमन सबै विषयमा फेल भएको थियो ।

परिवारमा ठूलो झगडा भयो । बाबु आमाले आँखा रसाउँदै सोधे, 'हामीले तँलाई पढ्न भनेर यति खर्च गर्‍यौं, विश्वास गर्‍यौं, अनि तँले के गरिस् ?' सुमनले केही भन्न सकेन । हिजो जसको भरोसा सबैलाई थियो, आज उसलाई कसैले विश्वास गर्न सकेन ।

विद्यालयमा शिक्षकहरूले बोलाएर गम्भीर कुरा गरे । 'सुमन, तिमी यस्तो विद्यार्थी थियौ, जसबाट धेरै आशा गरिन्थ्यो । तर तिमीले त आफैलाई बर्बाद गर्‍यौ । मोबाइलले तिमीलाई खायो ।' साथीहरूले पनि छेँड हान्न थाले, 'अनि के कुरा गर्छस् डाक्टर बन्ने सपना ?' यी सबै घटनाहरूले सुमनको मनमा गहिरो चोट पुग्यो । ऊ केही दिन त आफूलाई कोठामै थुनेर बस्यो । मोबाइल हेर्ने आँट पनि भएन । कहिलेकाहीँ पुराना पढाइका नोटहरू हेर्थ्यो र आँखा रसाउँथ्यो ।

एक साँझ उसले ऐनामा हेर्दा आफू पहिलाजस्तो लागेन । एकजना बर्बाद हुँदै गइरहेको युवक मात्रै देखियो । त्यही दिन, उसले एउटा गहिरो निर्णय गर्‍यो- अब म बदलिन्छु ।

सुमनले सबैभन्दा पहिले मोबाइलबाट सबै सामाजिक सञ्जाल हटायो । अनावश्यक एपहरू डिलिट गर्‍यो । उसले बाबु-आमासँग माफी माग्दै भन्यो, 'अब म फेरि मेहनत गर्छु । तपाईंहरूलाई फेरि विश्वास गराउनेछु ।' त्यसपछि उसले नयाँ दिनचर्या बनायो । बिहान छिट्टै उठ्थ्यो, किताब पढ्थ्यो, टिचरहरूसँग सहयोग माग्थ्यो, अनि साथीहरूसँग फेरि सम्बन्ध बनाउने प्रयास गर्न थाल्यो ।

सुरुमा सबैको विश्वास फिर्ता पाउन सजिलो थिएन । तर, ऊ डगमगाएन । मेहनत गर्दै गइरह्यो । मोबाइल अब केवल आवश्यक समयमा मात्र प्रयोग हुन्थ्यो, त्यो पनि पढाइको लागि मात्र ।

एक वर्षपछि जब कक्षा १२ को नतिजा आयो, सुमनले राम्रो अंक ल्याएर सबैलाई चकित पार्‍यो । शिक्षकहरू खुसी भए, अभिभावकको आँखामा गर्व झल्कियो । अन्ततः, सुमनले मोबाइलको लत त्यागेर आफूलाई बचायो ।

कविता

## पुरानो क्यालेन्डर बिर्सिएर



दूरगामी माइला

आजबाट बिट मार्नु छ एउटा कथाको
र लेख्नु छ भोलि नयाँ शुभकामना
तिम्रो उन्नति र सफलताको ।

गुराँसे डाँडामा पिरको ढाकर छाडेर
ओर्लिनु छ गाउँ
पुरानो मुस्कानको नवीकरण गर्न
र खोज्नु छ, नयाँ गन्तव्य

जिन्दगी बिसाउने चौतारीहरू
अनि लेख्नु छ भन्ज्याङमाथि चढेर
एक अँजुली शुभकामना, तिम्रो दीर्घायुको ।

फाटेका दौराहरूको कुइनो टाल्दै
उद्रिएका सपनाको रंग मिलाउँदै
मुखभित्र अमिलो ग्यास्ट्रिकको पानी उमाल्दै
निस्कनु छ, बाझो खेत जोत्न
अनि छोराछोरीको धमिलो भविष्यमा
सफलताको एक हिउँद बाली उमार्न ।

पिरको गहिरो इतिहासमा
मुस्कानको मलम पट्टी लगाउनु छ
पत्थरको जमिनमा प्रेमको बाली सपार्नु छ
चुँडिएका सम्बन्धहरूमा
एउटा गसौटो गाँस्नु छ ।

तिमी सधैंलाई जाँदै गर्दा
मैले एउटा प्रतिज्ञा गर्नु छ
हिजो बिग्रेको मन
टुटेको जिन्दगी लिएर
माफी माग्नु छ
ईश्वरलाई र सुरुवात गर्नु छ
नयाँ अध्याय, पुरानो क्यालेन्डर बिर्सिएर ।

गीत

## कति राम्री रहिछ्यौ तिमी...



टहल दाहाल 'नवकिरण'

कति राम्री रहिछ्यौ तिमी गुलाफको फूलजस्ती
समीपमा आउँदा खेरी पूर्णिमाको जूनजस्ती ।

रोएको छ तिम्रो हात नपाई माटो तिमी बिना
आफैँ अलमल भएझैँ छ बाटो तिमी बिना ।

गाउँ हुन्न गाउँ जस्तो, सहर हुन्न सहर जस्तो
कहिल्यै हुन्न तिमी बिना यो घर पनि 'घर' जस्तो ।

तिमी भन्दा पर पर मेरो अर्को रहर छैन
तिमी भन्दा अरू सुन्दर मेरो अर्को सफर छैन ।

सपनाको स्वर्ग एउटा घुम्छ आँखा वरिपरि
बनाउँला सुन्दर संसार हाम्रै मनको पाखा भरि ।

मध्यान्ह
www.madhyanhadaily.com



# ‘सेवाग्राहीको पक्षमा दिनरात नभनी खटिरहेका छौं’

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका जिल्लाकै केन्द्र भागमा रहेको छ । जिल्लाको जेठो पालिकासमेत रहेको यहाँका गतिविधिले सबैको ध्यान खिचिरहेको हुन्छ । सुशासन र पारदर्शितामा असल अभ्यास गरिरहेको यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन् **खिमानन्द भुसाल** । उनै भुसालसँग मध्यान्ह राष्ट्रिय दैनिकका जिल्ला संवाददाता **सूर्यप्रसाद भुसाल**ले कुराकानी गरेका छन् । प्रस्तुत छ कुराकानीको सम्पादित अंश

**जेनजी आन्दोलनले नगरपालिकामा के–कति क्षति पुग्यो ?**

जेनजी आन्दोलनले देशभर भौतिक तथा अन्य सम्पत्ति क्षति भएका छन् । विषेशतः काठमाडौंमा अकल्पनीय क्षति पुगेको छ । राजधानीबाहिर पनि क्षति भएका छन् । अन्य जिल्लाको तुलनामा हाम्रो जिल्लामा क्षति कम नै छ । हाम्रो नगरपालिकाको कार्यालयमा करिब २ लाख र वडा नम्बर २ को कार्यालयमा करिब २० लाखबराबरको क्षति भएको आँकलन छ । यद्यपि सबै यकिन भएर आइसकेको छैन । यसका अलवा वडा नम्बर १ को कार्यालयमा ५० हजारको क्षति भएको छ ।

**जिल्लाका अन्य पालिकामा क्षति छैन । यहाँ मात्र तोडफोड हुनुको कारण के देख्नुहुन्छ ?**

यस्तो छ, हामी सदरमुकाममा छौं । हामी केन्द्रको पालिका भएकाले जहाँ केन्द्र छ, मुभमेन्ट हुने त्यही नै हो । जिल्लाको सदरमुकाम भएकाले सबै खाले आन्दोलन तथा प्रदर्शन यही हुन्छन् । अन्य पालिका भौगोलिक हिसाबले अली टाढा छन् । त्यसैले पनि यहाँ टार्गेट बढी हुन्छ । अन्य कुनै विशेष कारण भन्दा पनि सदरमुकाममा भएकै कारण यहाँ तोडफोड भएको हुनुपर्छ ।



■ खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत
सन्धिखर्क नगरपालिका

**स्थानीय सरकारसँग पनि नागरिक त्यति खुसी देखिएनन् नि ?**

हो, साह्रै खुसी भएको पाइएन । यो जनताको दैलोको सरकार हो । अपेक्षा हुनु पनि स्वाभाविक हो । तर नेपालको स्रोत-साधन, सीमितता, आन्तरिक आयलगायतले सबै चाहना र अपेक्षा पूरा हुने अवस्था छैन । पालिकाको मनसाय जनताका आवश्यकता पूरा गर्ने नै हो । सुशासन कायम गर्ने नै हो । पारदर्शिता बनाउनु नै हो । छिटो र सरल सेवा दिने नै हो र त्यो दिशामा हामी दृढताका साथ अघि बढिरहेका पनि छौं । पहिलेको तुलनामा धेरै सहजताका साथ सेवाग्राहीले सेवा लिइरहेका पनि छन् । तर सबै कुरा हाम्रो मात्र हातमा छैन । नगरले चाहेर मात्र सबै कुरा गर्न सक्ने अवस्था पनि होइन । तिनै तहका सरकारबीचको समन्वय र परफेक्ट मेकानिज्म भए मात्र हाम्रो उद्देश्य पूरा हुन्छ जुन आमसर्वसाधारणको चाहना पनि हो ।

**पालिकामा सुशासन भएन, जनताले सामान्य सेवा लिँदासमेत हैरानी बेहोर्नुपर्ने अवस्था रहेको भनेर गुनासो आउँछ नि ?**

यो बोलीचालीको भाषा जस्तो भइसकेको छ, जुन गलत छ । कहीँकतै नेपालको कुनै पालिकामा यस्तो भएको रहेछ भने पनि सबै खतम वा सबैमा त्यही भइरहेको छ भन्ने जस्तो भाष्य बनाइन्छ । यसरी जनरलाइज गर्न हुँदैन । हामी दिनरात नभनी काम गरिरहेका छौं । अहिले पनि आन्दोलनपश्चात् सर्भरले राम्रोसँग काम गरेको छैन । दसैंको मुखमा सामाजिक सुरक्षा भत्ता, कर्मचारीको तलब, अन्य विभिन्न भुक्तानी गर्न कठिन थियो । बिहान-बेलुका नभनी हामीहरू काममै छौं । नागरिकलाई असहज नहोस् भनेर नगरपालिकाको टिम निरन्तर खटेको छ ।

यो प्रश्नमा उठाइएका संशयहरूमा मेरो समर्थन छैन । मेरो व्यक्तिगत रूपमा भन्नुपर्दा अवकाश हुन धेरै समय छैन । यो उत्तरार्धको समयमा मैले जीवनभर गरेको कार्यमा दाग किन लगाउँछु ? मेरो सेवा अवधिमा आजसम्म चुकेको छैन भने अब अन्तिम समयमा त्यो बोझ मैले किन बोक्छु ? मैले सेवाग्राहीलाई दुःख हुने काम, अनियमितता गर्ने काम, हिनामिना गर्ने काम गरेर पापको भारी बोक्न सक्दिनँ । र म हुँदासम्म सुशासन तलमाथि हुँदैन ।

जहाँसम्म सेवाग्राहीको हैरानीको विषय छ, यसमा पनि म सहमत छैन । कतिपय विषयअनुसार विषयवस्तुको संवेदनशीलताअनुसार सन्दर्भअनुसार केही तलमाथि भएको हुन सक्छ । तर नियतवश कसैलाई दुःख दिने भन्ने विषय निराधार हो । हामी सर्वसाधारणको सेवा गर्न भनेरै यहाँ छौं । कानुनको परिधिभित्र रहेर नीति, विधिमा टेकेर गर्ने काम हामीले सहज ढंगले नै गरिरहेका छौं ।

यद्यपि, समयको मागअनुसार कर्मचारीहरूले पनि आफ्नो कार्य व्यवहार, कार्यकुशलतामा परिवर्तन गर्नुपर्ने देखिन्छ । यहाँका जनताका आकांक्षा र हाम्रो गतिका तालमेल नमिलेको हो किजस्तो लाग्छ । हामी यस्ता आमचासोका विषयमा सचेत हुनुपर्छ । हामी कर्मचारी र जनप्रतिनिधि अझ जिम्मेवार भएर अघि बढ्नुपर्नेछ ।

**स्थानीय तह कार्यकर्ताको भर्ती केन्द्र भए, आमजनताले भन्दा पार्टीका कार्यकर्ता र तिनका शुभेच्छुकले फाइदा लिन्छन् भन्ने आमबुझाइ छ नि ?**

होइन, हाम्रो पालिकाको सन्दर्भमा यो कुरा मेल खाँदैन । यो पनि जनरलाइज गर्ने क्रममा लगाइएको आरोप हो भन्छु म । स्वीकृत दरबन्दीहरूमा निस्वार्थ भावनाले कानुनअनुसार जाँच गराएर लिखित, प्रयोगात्मक, अन्तर्वार्ताको चरण पार गरेर मात्र कर्मचारीहरू नियुक्त भएका छन् । हाम्रो पालिकामा आफ्नै मेहनतले क्षमतावान व्यक्ति मात्र आएका छन् । म आएपछि करिब १० जना कर्मचारी, विद्यालय नर्सहरू, सुरक्षित आप्रवासन (सामी)लगायतमा कर्मचारीहरू आएका छन् । ती पदका जाँचहरूमा कतै औंला उठाउने काम हामीले गरेका छैनौं । त्यो अनुभूति यहाँ जाँच दिन आएका परीक्षार्थीले पनि गरेका छन् ।

क्षमतालाई कसैले रोक्न सक्दैन । र क्षमतावान् व्यक्ति आउँदा कार्यसम्पादनमा यसले राम्रो रिजल्ट दिन्छ भन्नेमा म क्लियर छु । अर्को कुरा, हामीमा धेरै शंका गर्ने बानी बसेको छ । देशभरका एकाध स्थानमा त्यस्तो भएको रहेछ भने पनि सबै ठाउँमा त्यही नै भएको होला भन्ने सोच्छौं । त्यसो होइन । हामी पनि कानुनअनुसार चल्नुपर्ने हुन्छ । हामीभन्दा माथि पनि मोनिटरिङ गर्ने निकाय छन् । हाम्रो करिअरको कुरा पनि जोडिन्छ । हामी किन जोखिम मोल्छौं ?

**यो जेनजी आन्दोलनले देश फरक मोडमा पुगेको छ । खर्च कटौतीका कुरा आएका छन्, विकास बजेट पनि कटौती हुने सम्भावना छ । अबको परिस्थितिमा नगर कसरी अघि बढ्छ ?**

हो, अहिले फेरिएको परिस्थितिले अन्योलता सिर्जना गरेको छ । कसरी अघि बढ्ने भन्ने दुविधा छ । विकासका बजेट कति कहाँकहाँ कटौती हुने भन्ने यकिन भइसकेको अवस्था छैन । यसले पक्कै पनि विकासको गतिलाई रोक्छ । हाम्रो काम पनि रोकिन्छ । कसरी अघि बढ्ने भन्ने विषयमा विमर्श गरिरहेका छौं । स्थानीय तहको आफ्नै स्रोत निकै कम छ । संघ र प्रदेशको अनुदानका आधारमा योजना तर्जुमा भएका छन् । अहिले परिवेश परिवर्तन भएको छ । माथिबाट स्पष्ट निर्देशन नआएसम्म अन्योलता नै देखिन्छ ।

**नगरवासीलाई तपाई के सन्देश दिन चाहनुहुन्छ ?**

नगरवासी सबैलाई सर्वप्रथम नगरपालिकाका तर्फबाट हाम्रो महान् पर्व बडादसैंको अवसरमा शुभकामना दिन्छु । यो पर्वले सबैमा हर्षोल्लास, उत्साह र खुसी सञ्चार गरोस् । आमनागरिकको सुख, शान्ति, उन्नति, प्रगतिको कामना गर्छु । नगरपालिकाको कार्यालय तपाईंहरूको आफ्नै नजिकको निकाय हो, नजिकको सरकार हो । नगरको तर्फबाट गर्न सक्ने, हुन सक्ने र दिन सक्ने सेवा हामीले प्रवाह गरिरहेका छौं । यहाँको दिगो विकासका लागि नगर प्रमुख, नगर उपप्रमुख, यहाँका सबै जनप्रतिनिधि र कर्मचारीहरूले मेहनत गरिरहनुभएको छ । तपाईं हामी मिलेरै यहाँको विकास गर्ने हो । सुशासन कायम गर्ने हो । समृद्ध नगर बनाउने हो । सबैले आ-आफ्नो स्थानबाट संकल्प गरौं र हातेमालो गरौं ।

## तनाव व्यवस्थापनका साथै नेतृत्व विकासमा जोड



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० असोज


अर्घाखाँचीको शितगंगा नगरपालिकाले तनाव व्यवस्थापन, सकारात्मक सोचको विकास र नेतृत्व क्षमतामा जोड दिने उद्देश्यले राजयोग तालिम सम्पन्न गरेको छ । सामान्यतया स्थानीय सरकारका कामहरू भौतिक विकास र आधारभूत सेवा प्रवाहमै सीमित हुने गरेका बेला शितगंगाले फरक धार ल्याउँदै मानसिक स्वास्थ्य र नेतृत्व विकासमा ध्यान दिएको हो ।

राजयोग प्रशिक्षणमार्फत नगरपालिकाले स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीलाई स्वास्थ्य, सकारात्मक सोच र नेतृत्व विकाससँग जोड्ने प्रयास गरेको हो । कार्यक्रममा सहभागी वक्ताहरूले यसलाई निकै सकारात्मक पहलका रूपमा व्याख्या गरे । नगर प्रमुख छविलाल पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, योजना शाखा प्रमुख नुमलाल खनाल, नगर प्रवक्ता दामोदर न्यौपानेलगायतका कर्मचारी तथा जनप्रतिनिधि, स्थानीय पत्रकार, सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो । कार्यक्रमका सबै सहभागीहरूले तालिमलाई उपयोगी ठानेका सूचना अधिकारी नुमलाल खनालले बताए । तालिममा अन्तर र्ष्ट्रिय प्रेरक वक्ता ब्रह्मकुमार विजयराज सिग्देलले सहभागीहरूलाई तनावलाई जीवनको प्रेरणा बनाउन सकिने तरिका सिकाएका थिए । उनले ‘मुस्कान हाई हाई, ठुस्कान बाइ बाइ’भन्ने रोचक शैलीमा प्रशिक्षण दिँदा सहभागीहरू निकै खुसी भएका थिए । स्थानीय सहभागी ऋषि घिमिरेका अनुसार प्रशिक्षण रोचक र जीवन उपयोगी रहेको अनुभव गरिएको हो । वडा नं. ११ का अध्यक्ष नवराज भुसालले भने, ‘नेतृत्व गर्दा चुनौती धेरै हुन्छ, तर यस प्रशिक्षणले आन्तरिक शान्ति र सकारात्मक सोचसहित काम गर्ने आधार दिएको छ । यसलाई निरन्तरता दिनुपर्छ ।’

कार्यक्रममा सहभागी पत्रकार र सुरक्षाकर्मीहरूले पनि तालिम जीवनोपयोगी रहेको प्रतिक्रिया दिएका थिए । संघीय सरकारले कार्यसन्तुष्टि र कार्यक्षमता सुधारका लागि समय-समयमा अभिमुखीकरण तथा कार्यशाला गर्दै आएको भएपनि ‘तनाव व्यवस्थापन’ र ‘मानसिक सन्तुलन’लाई लक्षित कार्यक्रम भने विरलै हुने गरेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताए । उनका अनुसार यो कार्यक्रम कर्मचारी र जनप्रतिनिधिको मागअनुसार सञ्चालन गरिएको हो ।

नगर प्रमुख छविलाल पौडेलले यस्ता कार्यक्रमहरूले व्यक्तिगत जीवनमा आत्मसन्तोष थप्नुका साथै संस्थागत कार्यसम्पादनमा पनि सकारात्मक प्रभाव पार्ने बताए । उनले शितगंगाको पहलले स्थानीय शासन प्रणालीलाई मानव-केन्द्रित, नागरिकमैत्री र आधुनिक प्रवृत्तिसँग जोड्ने नयाँ मोड दिएको टिप्पणी गरे ।

## स्वास्थ्यकर्मी नहुँदा सेवा प्रवाहमा समस्या



**कञ्चनपुर/मस–** कञ्चनपुरको भीमदत्त नगरपालिका-९ टुँडिखेलस्थित गाउँघर क्लिनिकमा स्वाथ्यकर्मी नहुँदा सेवा प्रवाहमा समस्या भएको छ । स्वास्थ्यकर्मी नहुँदा उक्त क्लिनिकमा एक जना अहेबको भरमा चलेको छ ।

उक्त संस्थामा कार्यरत अनमी ममता महता डेढवर्ष अघि सुत्केरी बिदामा गएपछि पुनः हाजिर हुनुभएको छैन । सुत्केरी बिदामा गएकी अनमी काज मिलाएर अन्तै गएपछि सेवा प्रवाहमा निकै सास्ती खेप्नुपरेको क्लिनिकमा कार्यरत अहेब नारायण बोहराले जानकारी दिए । ‘दैनिक ओपिडी सेवा त मैले दिने गरेको छु नै, गर्भवती बालबालिकाको खोपलगायतका सेवा दिन समस्या भएको छ’, अहेब बोहराले भने, ‘बालबालिकाको नियमित खोपका लागि अर्को स्वास्थ्य संस्थाबाट अनमी बोलाएर सेवा दिनुपरेको छ ।’

उनका अनुसार १७ महिनादेखि उक्त क्लिनिकमा अनमी नहुँदा बालबालिकाको नियमित खोप, भिटामिन र गर्भवतीलगायतका सेवा प्रवाहमा समस्या हुने गरेको छ । ‘अहिले महिनामा एक पटक ब्रह्मदेवस्थित स्वास्थ्य संस्थाबाट अनमी आएर यहाँ खोप सेवा दिइरहनुभएको छ’, बोहराले भने, ‘त्यहाँबाट स्वास्थ्यकर्मी दुई घण्टा पैदल आउनुपर्छ ।’

अहिले बालबालिकाको नियमित खोपका लागि ब्रह्मदेव स्वास्थ्य चौकीबाट स्वास्थ्यकर्मी महिनामा एक पटक जाने गरेका छन् । यताको समस्याका कारण दुई घण्टा पैदल गएर बालबालिकाको खोप लगाउनु परेको स्वास्थ्यकर्मी(अनमी) देवकी अवस्थी बताउँछिन् । ‘मेरो डिउटी ब्रह्मदेव स्वास्थ्य चौकीमा हो, यहाँ अर्को कर्मचारी नहुँदा बालबालिकाको नियमित खोप छुटाउन नहुने भएकाले पालो मिलाएर म आउने गर्छु’, अवस्थीले भनिन्,‘स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर पनि त्यहाँ बिरामी आयो भने अर्को समस्या हुन्छ ।’

उनले खोप लगाउन यातायातको सुविधा नहुँदा दुई घण्टा पैदल जानुपर्ने बाध्यता रहेको दुखेको गरिन् ।

## सञ्चारमन्त्री खरेलद्वारा जनेजी प्रदर्शनका घाइतेसँग भेट




**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जेनजी प्रदर्शनका घाइतेहरुसँग भेट गरेका छन् । त्रिवि शिक्षण अस्पतालमा उपचाररत घाइते र उनीहरुका अभिभावकसँग मन्त्री खरेलले शुक्रबार भेट गरेका हुन् ।

अस्पतालमा पुगरे घाइतेहरुको स्वास्थ्य अवस्थाबारे चिकित्सकसँग जानकारी लिँदै उपचारमा कुनै कसूर बाँकी नराख्न उनले आग्रह गरे । घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्दै उनले घाइतेहरुका पक्षमा भविष्यमा के गर्न सकिन्छ भन्ने विषयमा सरकार गम्भीर रहेको बताए । मन्त्री खरेलले जेनजी प्रदर्शनको जगमा बनेको सरकारले सहिद र घाइतेहरुको मागअनुसार काम गर्ने प्रतिबद्धता जनाए ।

‘अहिलेको हाम्रो प्राथमिकता घाइते हुनुभएका सबै जना छिटो निको भई घर फर्किनुहोस भन्ने हो । त्यसपछि शहीद र घाइतेका पक्षमा भविष्यमा केके गर्न सकिन्छ, हामी सोच्दैछौं’, मन्त्री खरेलले भने, ‘हामी सबै मन्त्रीहरु एकै पटक आएका छैनौं । फरक फरक समयमा आएर घाइतेहरुको अवस्था बुझिरहेका छौं । यसो गर्दा घाइतेहरुको पछिल्लो अवस्थाबारे जानकारी लिनसँगै मन्त्रिपरिषद्मा यस विषयमा खबर पुर्‍याउने हाम्रो उद्देश्य हो ।’ आफूहरुलाई भेट्न अस्पतालको शय्यासम्म आइपुग्नु भएका मन्त्री समक्ष घाइतेहरुले सबै जनेजीको योगदानलाई स्मरण गर्दै मागहरुको कार्यान्वयन गर्न सुझाव दिएका छन् । जेनजी प्रदर्शनमा घाइते भएका रवि भण्डारीले जेनजीको बलिदानलाई नबिर्सिन आग्रह गरे ।

‘आन्दोलनमा सहादत प्राप्त गर्नेहरुको योगदानलाई खेर जान नदिन देशलाई निकास दिनुपर्‍यो’, सिन्धुलीका २९ वर्षीय भण्डारीले मन्त्री खरेलसमक्ष भने, ‘म परिवारको जेठो छोरो हुँ । मैले पठाओ गरेर परिवारको जिम्मेवारी सम्हाल्दै आएको थिएँ । अहिले म अस्पतालको शय्यामा छु । मेरो भविष्यसँगै परिवारको आर्थिक अवस्था धराशयी भएको छ ।’

सोही अस्पतालमा उपचाररत १८ वर्षीय सुनिल थापाकी आमा कुसुदेवी थापाले घाइतेको पक्षमा सरकारबाट सहयोगको अपेक्षा गरिन् ।

‘जापान जाने तयारीमा थियो छोरो । अहिले हिँडडुल गर्न नसक्ने अवस्थामा छ’, आमा कुसुदेवीले भनिन्,‘छोरोलाई हिँड्नसक्ने बनाइदिनुपर्‍यो । घाइतेहरुका लागि सरकारले केही गर्दिनुपर्‍यो ।’

जेनजी प्रदर्शनमा घाइते भइ अस्पताल पुगेका दुई हजार ३१६ जनामध्ये उपचार पश्चात दुई हजार २१२ जना घर फर्किसकेका छन् । बाँकी घाइतेहरु विभिन्न १८ अस्पतालमा उपचाररत छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकाअनुसार उपचाररत घाइतेहरुको संख्या ५६ रहेको छ । त्रिवि शिक्षण अस्पतालमा मात्रै हाल सात घाइते उपचाररत छन् ।

**साउदीमा रोजगार**

कम्पनी : TECHNO CARTON FACTORY. शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८२/०६/०९ चलानी नं.:६०२४५३८३ LT. No.:331482

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६७,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMDAD GULF TRANSPORTATION CO.LTD शहर: Dammam
पुर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५३८२ LT. No.: 331677

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 20 | 0 | स. काममा दक्ष | 1800 | ६७,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

A.S. INTERNATIONAL GROUP PVT. LTD Gov. Lic. No 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381, Mobile: 9802379882, 9802379883, 9802379884,9801082460, 9801082461, 9801082462 Email: asintldemand@gmail.com.

**कुवेतमा रोजगार**

कम्पनी: BADRIYAH FAHAD LADIES BEAUTY SALON COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४०५ LT. No.: 331698

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६९,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners Female | 0 | 2 | | 100 | ४६,३५१ | | | | | | | |
| 3. | Beautician | 0 | 6 | | 150 | ६९,५२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

**UAE मा रोजगार**

कम्पनी : WE CARE BLDG.CLEANING शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४०६ LT. No.: 331798

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 50 | 50 | स. काममा दक्ष | 1000 | ३८,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Eurosia Human Resourse Pvt. Ltd.
Govt. Lic. No. 1191/073/074
Tokha Road 10, Samakhusi Chowk , Kathmandu
Mobile :- 985-1354726, 9851071905, 9851237357
E-mail : ehr1191@gmail.com, eurosiahumanresource@gmail.com Web : www.eurosiahr.com.np

**कतारमा रोजगार**

कम्पनी: QCHAIN TRADING शहर: QATAR,AL WAKRA
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४१० LT. No.: 331705

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 5 | स. काममा दक्ष | 1200 | ४६,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १८ गते (4 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Radium International Employment Services Pvt. Ltd.
श्रम इजाजत नं. ९६८/०६७/०६८
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

**साउदीमा रोजगार**

कम्पनी: DAILY FOOD TRADING COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५३९२ L.T. No.: 331759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Staff | 85 | 0 | स. काममा दक्ष | 1000 | ३७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ESC LIMITED CO शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५३९३ L.T. No.: 331758

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
